# प्रदेश सभा

# गण्डकी प्रदेश

# आठौं अधिवेशन

# (चौंथो बैठक)

# कार्यवाहीको सम्पूर्ण विवरण

# मितिः २०७८।०२।१९ गते

प्रदेश सभा, गण्डकी प्रदेशको आठौं अधिवेशनको आजको बैठकको कार्यवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीको अध्यक्षतामा दिनको १ बजेर ३ मिनेटमा प्रारम्भ भयो ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, आजको वैठकको कार्यवाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरु, अब मिति २०७८ साल जेठ १७ गते माननीय अर्थ भूमि व्यवस्था कृषि सहकारी तथा गरिवी निवारण मन्त्री श्री किरण गुरुङले सभा समक्ष प्रस्तुत गर्नुभएको आ.व. २०७८/०७९ को बजेट तयारीका लागि विनियोज विधेयक २०७८ का सिद्धान्त र प्राथमिकतामाथिको छलफल प्रारम्भ हुन्छ । माननीय सदस्यहरुलाई छलफलको लागि ७ मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समयभित्र आफ्ना भनाई राखुहुन अनुरोध गर्दछु । सर्वप्रथम माननीय सदस्य श्री मोहन रेग्मीलाई छलफलमा भाग लिन अनुमति दिन्छु । त्यसपछि माननीय सदस्य श्री ओमकला गौतम ।

**माननीय मोहन रेग्मी**

माननीय सभामुखज्यू, अर्थ मन्त्री माननीय किरण गुरुङद्वारा यस गरिमामय सदनमा प्रस्तुत गर्नु भएको विनियोजन विधेयक २०७८ को सिद्धान्त र प्राथमिकताको सन्दर्भमा

छलफलको निम्ति हामी यहाँ उपस्थित भएका छौं । कोभिड—१९ को कारण ज्यान गुमाउनु भएका दाजुभाइ, दिदीबहिनी, बुवा आमाहरु प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै, परिवारजनहरुमा गहिरो समवेदना प्रकट गर्न चाहन्छु र संक्रमितहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु ।

विश्वव्यापी महमारीको रुपमा देखा परेको कोभिड—१९ यो भाइरसले सृजना गरेको विषम परिस्थिति गण्डकी प्रदेशमा देखा परेको महामारी बीच प्रस्तुत भएको विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता यस आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम र बजेटलाई मार्ग निर्देशन गर्दै महामारीको यो चुनौतिको सामना गर्दै जनजीवनलाई सामान्य बनाउनु, जनताको जीवनको रक्षा गर्नु यही कारणले स्थिर अर्थतन्त्रलाई चलायमान र गतिशिल बनाउनु अहिलेको आवश्यकता हो । यी विषयसँगै जोडिएर आगामी नीति तथा कार्यक्रम र बजेटले समग्र यो प्रदेशको विकास र समृद्धिको लक्ष्यलाई पछ्याइरहेको छ । विगतमा रोकिएका वा निर्देश गरिएका प्राथमिकता त्यसका लक्ष्य र उद्देश्यहरुलाई आत्मसात् गर्दै विभिन्न परिस्थिले यसलाई कार्यान्वयन हुन नसकेको विषयलाई समेत हामीले अहिले पूर्ण त्यसलाई व्यवस्थापन गरेर जानुपर्ने, यसको निरन्तरत दिनुपर्ने अहिलेको चुनौति पनि हो ।

नेपालको संविधानले परिकल्पना गरेको, लोककल्याणकारी राज्यको अवधारणा, संघीयता कार्यान्वयन, दिगो विकास र सुशासनमा देखापरेको यी सबै चुनौतिहरुको समीक्षा र सामना गर्दै यो प्रदेशको समृद्धि र विकासमा हाम्रो प्रतिबद्धता वा सरकारले यसको प्रतिवद्धना जाहेर गर्दै आर्थिक वर्ष ०७८/०७९ को बजेट र पूर्व सन्ध्यामा सिद्धान्त र प्राथमिकताको सन्दर्भमा अहिले माननीय अर्थमन्त्रीले पेस गर्नुभएको छ । यसले समग्र विषयलाई समेटेको छ भन्ने मैले महसुस गरेको छु । सुखी नेपाली र समृद्ध राष्ट्र निर्माणको अभियनसँगै समृद्ध प्रदेश र सुखी नागरिक बनाउने प्रदेश सरकारको प्रतिवद्धता र सबै सरकार पक्षसँग समन्वय र सहकार्य र साझेदारीका माध्यमबाट आगामी बजेटको तर्जुमा र त्यसको कार्यान्वयको पक्षमा जुन खालको सिद्धान्तत उल्लेख गरिएको छ, यो

सान्दर्भिक छ र सबैको सहभागितामा यो बजेट कार्यान्वयन हुनेछ भन्ने मैले महसुस गरेको छु । समझदार उन्मुख आत्म निर्भर अर्थतन्त्रको लक्ष्यलाई आत्मसात् गर्दै अप्ठ्यारा परिस्थितिहरुमा पनि हाम्रो लक्ष्य, दृढता र त्यो संकल्पलाई कार्यान्वयन गर्ने सरकारको जुन प्रतिवद्धता आएको छ, यसले गण्डकी प्रदेशका जनताको जीवनलाई सुखी बनाउने पक्षमा निरन्तर लागिरहन्छ भन्ने पनि महसुस गरेको छु ।

यति मात्र होइन आर्थिक अनुशासन, वित्तीय सुशासन कायम गर्ने, प्रदेश सरकारको प्रथम पञ्चवर्षिय योजना, दिगो विकासको लक्ष्य, आ.व. ०७८/०७९ को नियमित कार्यक्रम तथा बजेट आइरहँदा र आउने बेलासम्म यसले एउटा गति लिएर जानेछ र यसले सार्थकता पाउने छ भन्ने मलाई विश्वास लागेको छ । त्यति मात्र होइन, उत्पादनमा जोड दिँदै, स्रोतको पहिचान गर्ने, रोजगार र स्वरोजगारका अवसरहरु सृजना गर्ने, चाहे त्यो उद्योगको क्षेत्रमा होस्, चाहे कृषि उत्पादनको क्षेत्रमा होस् चाहे एक स्थानीय तह एक खेलमैदानको रुपमा वा उद्योगको ग्रामको रुपमा किन नहोस् यो हरेक क्षेत्रबाट अगाडि जाँदा सबै क्षेत्रको रोजगार र रोजगारका विषयलाई पनि अगाडि बढाउँदै लैजान्छ भन्ने यसले संवोधन गर्न खोजेको छ र त्यसमा सकारात्मक ढंगले अगाडि बढेको मैले महसुस गरेको छु । विकास निर्माणप्रतिको प्रतिवद्धता पनि सँगसँगै जोडियो, हामीले परिकल्पना गरेको यो प्रदेशको विकास र समृद्धिको गौरवका योजनाहरु वा विगतमा निर्दिष्ट गरेका विकासका कार्यक्रमहरु, भौतिक पूर्वाधारका कार्यक्रमहरुलाई पनि सँगसँगै लिएर जाने, त्यसलाई निरन्तरता दिँदै अगाडि बढ्नु पर्ने ढंगले जुन आएको छ, यसले पनि यो आगामी बजेट यसको मार्ग निर्देशनमा जनमुखी बन्छ भन्ने कुराको विश्वास लिन चाहन्छु ।

मलाई लाग्छ, प्राथमिकताकै कुरा गर्दा अहिले कोरोना भाइरसकै सन्दर्भमा हामी फेरी कुरा गरिरहेका छौं, यसका भौतिक पूर्वाधार, स्वास्थ्य सामग्र देखि लिएर अहिलेको सरकारले जुन खालको व्यवस्थापन गर्न गइरहेको छ, सीमित साधन र स्रोतका बावजुत पनि अगाडि बढिरहेको छ र यी सबै विषयहरुलाई समेट्दै अगाडि बढिरहेको यो सिद्धान्त र प्राथमिकताका आधारमा बजेट आउने छ । मलाई यतिमात्र भन्नु छ, यो बजेट प्रस्तुत

भइरहँदा, यो सिद्धान्त र प्राथमिकताको बारेमा छलफल भइरहँदा, हामीले के कुरालाई आत्मसात गर्नुपर्छ भने हामी सबैको साझा दायित्व हो, यो नीति तथा कार्यक्रम अगाडि आइरहँदा समग्र यो विकास समृद्धि र विकासमा पनि हामी सबै राजनीतिक पार्टी वा दलको, सबैको सहभागिता हुनुपर्छ र त्यसलाई त्यही ढंगले जानुपर्छ भन्ने कुराको महसुस गर्नुपर्छ । आज हामीले सुनिरहेको छौं, यो प्रदेशको समृद्धि र विकास भन्दा पनि अरुतिर, केन्द्रतिर औंला ठड्याएर यो निरन्तर अगाडि बढिरहेको यो सरकार, माननीय पृथ्वीसुब्बा गुरुङको नेतृत्वमा रहेको सरकारका परिकल्पना र त्यस लक्ष्यलाई निरन्तर अगाडि बढाउने सन्दर्भमा जुन ढंगमा अगाडि बढिरहेको त्यसमा सबैको ध्यान केन्द्रित गर्न चाहन्छु। धन्यवाद ।

**माननीय सभामुख**

अब म माननीय सदस्य श्री ओम कला गौतमलाई छलफलमा भाग लिन अनुमति दिन्छु। त्यसपछि माननीय सदस्य श्री विनोद के.सी. ।

**माननीय ओमकला गौतम**

माननीय सभामुख महोदय, सर्वप्रथम म त यो गरिमामय सभामा विश्व महामारी यो कोरोना भाइरसबाट मृत्युवरण गर्नु हुने तमाम आदरणीय व्यक्तित्वहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु र उहाँका सम्पूर्ण परिवारलाई हार्दिक समवेदना प्रकट गर्न चाहन्छु । जो हस्पिटलमा छट्पटाईरहनु भएको छ अक्सिजन नपाएर, अक्सिजन लिँदालिँदै पनि छट्पटाउनु भएको छ, जो होम आइसिलेसनमा बस्नु भएको छ सम्पूर्ण, स्वयं माननीय मुख्यमन्त्रीज्यू लगायत सम्पूर्ण संक्रमितहरु प्रतिको शिघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु ।

यो मैले एउटा बुक मेरो हातमा परेको छ र अर्थमन्त्रीज्यूले १७ गते विनियोजित विधेयक २०७८ को सिद्धान्त र प्राथमिकता भनेर पनि प्रस्तुत गर्नुभयो। तर मलाई आश्चर्य के लाग्यो भने, पहिला त वैधानिक सरकारले पाउनु पर्ने होला नि ? पहिला

सरकारले आफू वैधानिक बन्ने, विश्वासको  मत लिने त्यसपछि बजेट ल्याउने होला । यो भन्दै गर्दा, यो प्रस्तुत गर्दै गर्दा, के को आधारमा हामीले सुझाव दिने त यो सरकारलाई ? यही सरकारले बजेट ल्याउँछ भन्नेको ग्यारेन्टी खोई ? यही सरकारले बजेट ल्याउनलाई त पहिले विश्वासको मत लिएर, यो सरकार पाको भएर, यो सरकार बलियो भएर त्यसपछि सुझाव लिएको भए दिनुहुन्थ्यो । त्यति मात्र होइन सभामुख महोदय, हामीले के विगतमा सुझाव दिएका होइनौं ? विगतमा पटक पटक हामीले दिएका सुझावहरु कार्यान्वयन कहिले भए, खोई कहाँ भयो ? यहीं हुनुहुन्छ अर्थमन्त्रीज्यू स्वयम् । मलाई लाग्छ रेडबुकमा निकाल भनेर हामीले भन्दा भन्दा, कराउँदा कराउँदा त्यो रेडबुकमा निक्लेको त्यो पिपलटार अत्रेलुको पुल  कहाँ गयो ? १ वर्ष रेडबुकमा निकाल्ने, अर्को वर्ष लगेर आफ्नो स्वार्थको लागि आफ्नो क्षेत्रमा गएर शिलान्यास गर्ने जस्ता कार्य यहाँ नभएका हुन् ? हामीले दिएका सुझावहरु कहिले कार्यान्वयन भए, कुन भए ? त्यसो भन्दै गर्दा हिजो एकजना विद्वान माननीयज्यूले, ए त्यसो भए प्रत्येक जिल्लामा यो एऋच् मेशिन जडान गर्ने कुरा, भेन्टिलेटर राख्ने कुरा, क्ष्ऋग् जडान गर्ने कुरा के तिमीहरुको प्रायोटीमा पर्दैन ? भनेर प्रश्न गर्नुभयो ।

म उहाँलाई जवाफ के दिन चाहन्छु भने त्यो हामीले नै उठाएका कुरा हुन्, हामीले जब यो नेपालमा कोरोनाको प्रवेश भयो त्यतिबेला ३ जना मात्रै मानिसलाई कोरोना पोजेटिभ हुने वित्तिकै हामीले अब सरकार तयारीमा बस्नोस्, तपाईंहरु लाग्नुहोस्, अब यो तयारी गर्नुपर्छ, जनताको ज्यान बचाउनुहोस्, विकास पछि गरौंला भनेर हामीले भनेका होइनौं ? भन्दै गर्दा एकजना विद्वान माननीयज्यूहरुले के भन्नु भयो भने नेपालमा कोरोनै छैन, कहाँ मरेको छ ? दिल्लीमा पानी आयो भनेर यहाँ छाता ओडेर बस्ने ? भन्नुभएको थियो । आज दिल्लीमा पानी आउँदा यहाँ छाता नखोजेर बस्ने भनेर बस्दै गर्दा आज यही राजधानी पोखराको नजिक हस्पिटलमा तयारी भएको त्यही हो ? एउटा सुत्केरी महिला जो प्रसुति पीडाबाट बच्चा जन्म दिइसकेपछि अक्सिजनको कमीले मृत्यु भएकि छिन् ।

के  आज त्यही तयारी ? के दिल्लीमा पानी प¥यो यहाँ पर्दैन भनेर छाते नखोजेर नबस्ने ? त्यही होइन छाता नखोजेको अवस्था ? आज अक्सिजन नपाएर एउटै हस्पिटलमा एकैरातमा ६ जना मरेका छन् । त्यस्ता त दिनका प्रति दिन अकिसजन नपाएर, बेड नपाएर दिनका दिन मरेको छन् । के यही हो तयारी ? के हामीले नगर भनेको हो ? हामीले त्यसैको निम्ति संकल्प प्रस्ताव गरेको हो । त्यसैका निम्ति हामीले सदन अवरुद्ध गरेका हौं, तर पहिला तिमीहरुले आवाज उठायौं हामी मान्दैनौं भनेर उपचार गर्न पनि उपचार गर्न यो सरकार पछि परेको हो । पछि आएर त्यसलाई साझा संकल्पको रुपमा सरकार पनि त्यहाँ त्यसलाई सहकार्य गर्न अगाडि बढेको हो । तर के हामीले उठाएको होइन, हामीले उठाएको मानेको सरकारले त्यही हो, हामीले उठाएको कुरो होइन ? त्यही हो जनता बनाउनको लागि हामीले त्यही पनि संकल्प पेस गरिसकेपछि बल्ल मानेको हो । त्यतिमात्र होइन सभामुद महोदय, मैले के पनि भन्न चाहान्छु भने त्यहाँ त मान्छे मेर यो भेरी हस्पिटल नेपालगञ्जमा । त्यो के हो घटना ? त्यो गुण्डागिरी होइन, दादागिरी होइन ? सत्ताको आडमा सरकारको मुख्यमन्त्रीको हुलिया दिएर जो अहोरात्र स्वास्थ्यकर्मी, जो दिनरात आफ्नो बालबच्चा परिवार नभनेर आफ्नो निरन्तर सेवामा खटिरहेका स्वास्थ्यकमी, डक्टर, नर्स प्रति मार्ने धम्की दिने, घाँटी अँठ्याउने जो प्रत्यक्ष लाईफ मैले हेरेको छु ।

आज के उनीहरुको ज्यान बचाउन पाउँदैनन् ? बिरामीको ज्यान बचाउन दिनरात खटिने डक्टर, नर्सहरुलाई के आज कुनै दलका एउटा शक्तिशाली दलका कार्यकर्ताको मान्छे मात्र मरेका छन् यो नेपालमा कोरानाबाट ? अरु मरेका नागरिक मरेका मान्छे होइनन् ? के अरुलाई छुदैन ? यो गुण्दागर्दी हो कि होइन ? त्यसो गर्न मिल्छ कि मिल्दैन ? म यसप्रति घोर भत्र्सना गर्न चाहन्छु । म नेपाली काँग्रेसको तर्फबाट र मेरो आफ्ना व्यक्तिको तर्फबाट पनि म घोर भत्र्सना गर्न चाहन्छु । त्यो जसले सत्ताको आडमा, जसले मुख्यमन्त्रीको हुलिया दिदैं गएर दादागिरी र गुण्डागर्दी गरेको छ त्यसलाई कानुनी

कठघरामा ल्याएर कानुनी कारबाही पनि गर्न चाहन्छु । हुन त माग पो कोसित गर्ने ? सरकारै विधिमा चलेको छैन, सरकारै संविधान अनुसार चलेको छैन ।

विधिलाई टेकेर पो माग गरेर पनि त्यो सकिएला जो विधि विधानमा चलेको छैन र मलाई यहाँ आश्चर्य लाग्छ, यहाँ कताबाट हिजोका कुरा आइसके, टिकडमबाजीका कुरा आए, सेटिङ्गका कुरा आए, सेटिङ्ग के हामीले सेटिङ्ग गरेको हो र ? सेटिङ्गै नमिलेर भोलि विश्वासको मत लिनु पर्ने ठाउँमा मुख्यमन्त्रीज्यूले आज आएर राजिनामा दिनुभएको हो कि होइन ? किन दिएको त राजिनामा दिनुभएको मुख्यमन्त्रीज्यूले ? राजिनामा दिइसकेर मार्ग प्रशस्त गरेको हो भने ३ दिनभित्र ल आउ ठूलो दल भनेर बोलाइकेपछि, ४ दलका माननीयज्यूहरु जाँदा, के चार दलको संख्या भेट गर्ने त यो थलो थियो होला नि, टाउको गन्नुपर्ने, सांसद पुग्यो पुगेन भन्ने त यो थलो थियो होला नि, सदनमा चाँहि आउँथ्यो होला नि विश्वासको मत लिन्थ्यो होला नि, के अर्काको विश्वास नगर्ने । सेटिङ्गमा ३—३ जना प्रदेश प्रमुख फेरिएको हो कि होइन ? सेटिङ्ग कसले ग¥यो ? सरकारले ग¥यो कि प्रतिपक्षले ग¥यो ? यहाँ सेटिङ्गको कुरा गर्ने ? सेटिङ्गको कुरा त प्रष्ट थाहा भएको छ नि, सेटिङ्ग को कुरो त यहाँ स्पष्ट भएको छ नी नेगेटिभलाई पोजेटिभ गर्ने, पोजेटिभलाई नेगेटिभ गर्ने सेटिङ्ग के हामीले गरेका छौं ? के सरकार के हाम्रो हात छ ? हामीलाई आरोप लगाउने ? आज सेटिङ्गकै कारणबाट प्रदेश प्रमुख फेरिएको छ यहाँ, सेटिङ्गका कारणबाट । त्यसकारणले यी सेटिङ्गका कुराहरु धेरै यहाँ भनिरहनु पर्छ भन्ने चाँहदिन । आज मानिसले अरुलाई ढाँट्न सक्छ, मान्छेले आफ्नो आत्मालाई ढा्ट सकिदैन, आज आफ्नो छातीमा हात राखेर सबैले महसुस गरौं, बोलौं ।

त्यसैले माननीय सभामुख महोदय, मेरो अहिले पनि आग्रह के छ भने मैले यो विषयमा हेर्नै चाहेको छैन, यो मैले हेरैकै छैन, किन हेरेका छैन भने मन्त्रीज्यूले पढ्दा एउटा शब्द मैले सुने, निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम भनेर उहाँले बोल्नु भएन, किन बोल्नुभएन भने उहाँहरु यो अब जसरी केन्द्रमा अवैधानिक रुपबाट पटक पटक संसद विघटन गरिएको छ त्यसैगरी यहाँ पनि विघटन गर्ने दुषाहस उहाँले गर्दैं हुनुहुन्छ।

त्यो षडयन्त्र गर्नु खोज्नु भएको छ, त्यसैले त्यो कार्यक्रमको संबोधन समेत बोलेको सुन्न पाइएको छैन यहाँ । त्यसैले अब फेरी आफ्नो वहसमा, आफ्नो पोल्टामा, आफूले कुर्चीमा छोड्नु पर्यो भने सधैं नै मार्दिने । ५ वर्षलाई जनताले मेण्डेट दिएको होइन ? बहुमतको सरकार थिएन ? के हामीले प्रतिपक्षले हो यो यस्तो अवस्था ल्याएको? आज को छ यसको जिम्मेवारी ? भएको संसद विघटन गरेर, बेलैमा भएको बच्चालाई मारेर अर्को बच्चा जन्माउछु भन्ने ? केको नाताले पोल्टाको विस्कुन पोखेर, छरेर फेरी उठाउन जाने अब । जनताको माझमा के गरी जाने यो महामारीमा ? कहाँबाट चुनाव हुन सक्छ मंसिरमा ? कोरोना नियन्त्रण भएको छ ? गर्न सक्ने सरकारको आधार खोई ? यस्तो नचाहिने र अनावश्यक कुराहरु ल्याएर आज अस्तव्यस्त, ध्वस्त बनाउनु हुँदैन । मान्छेहरु खान नपाएर सडक पेटीमा भरियाहरु नाम्लोले कम्मर कसेर मरिरहेको अवस्थामा छ । त्यसकारण यो सरकार पनि छ कि छैन भनेर सरकार सरकारको लागि मात्रै छ । झुटले पनि झुट बोल्न तयार हुने, लाजले पनि लाज मान्न सक्ने अवस्था छ । त्यसैले माननीय सभामुख महोदय, समयको लागि धन्यवाद दिदैं मेरो भनाईहरु अन्त्य गर्न चाहन्छु । धन्यवाद । जय नेपाल ।

**माननीय सभामुख**

अब म माननीय सदस्य श्री विनोद के.सी. लाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय सदस्य श्री खिमबिक्रम शाही ।

**माननीय विनोद के.सी.**

सभामुख महोदय, सर्वप्रथम त यस विनियोजन विधेयकमा भाग लिनु भन्दा पहिला जुन कोभिड—१९ को कारणले गण्डकी प्रदेश तथा नेपाल अधिराज्यभर, विश्वभर कोभिड—१९ को कारणले मृत्युबरण गर्नुहुने प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु। सँगसँगै कोरोना भाइरसको संक्रमित भएर जो अस्पतालमा आफ्नो उपचारार्थ तथा होम आइसोलेसनमा बसिरहनुभएको छ उहाँहरु प्रति म शिघ्र स्वास्थ्य लाभको काम गर्न चाहन्छु । विशेष गरी यो हामी विनियोजन विधेयक माथि छलफल गर्दैछौं, विशेष गरी

यो छलफल विगत तीन वर्ष देखी गर्दै आइरहेका छौं । विशेष गरी नेकपा माओवादी केन्द्र जो सरकारमा रह्यौ, सँगसँगै नीति तथा कार्यक्रमहरुमा भाग लियौं र यो सरकारलाई समथर्न पनि गर्दै आयौं ।

बिचमा अहिले को अवस्था जो सर्वविदितै छ, यो समयमा यहाँ आइपुग्ने क्रममा हामी सरकारमै रहँदै गर्दा पनि हामीले गुनासो नगरेको होइन, नीति तथा बजेट पनि आउने तर बजेट अर्को किसिमले आउने । मैले सदनबाटै भनेको थिएँ, कोहीलाई भने दहीमा चिनी, कोहीलाई भने पानी पनि नदिने जस्तो मले भनेको थिएँ त्यस्तै गरी नीति तथा कार्यक्रम आउने र यो कार्यक्रम अगाडि बढ्ने क्रममा जो जो मन्त्रीहरु, प्रधानमन्त्रीहरु, मुख्यमन्त्री हुनुहुन्छ । उहाँहरुको क्षेत्रमा तथामको एउटा खालको बजेट जाने, अलिकति प्रभाव नभएको क्षेत्रमा बजेट चाँहि अति न्यूनतम त्यो कार्यान्वयनमा जाने र कहीं कहीं मात्र बजेट गइहाले पनि त्यो कार्यान्वयनमा नआउने र त्यो किताबमा हराउने त्यस्तो खालका प्रवृत्ति पनि थियो र त्यतिबेला हाम्रो गुनासा त्यति बेला पनि थिए र यहाँ आउँदै गर्दा ती आफ्ना कुराहरु भए यो कार्यक्रममा आउँदै गर्दा अहिलेको ३ वर्षको केही समीक्षा गर्दै गर्दा विशेषत गरी यो ३ तहको सरकारमा अहिले मैले अस्ति भर्खर हाम्रो माननीय मुख्यमन्त्रीको एउटा प्रेस वक्तब्य एउटा विज्ञप्ति हेरें कि, प्रदेशमा हामी यति यति काम गरेका छौं यस्तो यस्तो काम गरेका चाहीँ छौं भनेर धेरै नै लिस्टहरु पढ्न पाएँ

मुख्यमन्त्रीज्यूलाई मैले के याद आयो भने पञ्चायत कालमा एक गाउँमा भोक महामारी लागेछ, भोकमाहामारी लागेर राजाकोमा विन्ती बिसाउन चाँहि एउटा नेता राजालाई मेरो गाउँमा भोकमरी लाग्यो खानै भएन भन्ने क्रममा  रानीले सुन्नुभएछ, कुरा सुनेर छक्क परेर के तपाइको गाउँमा जनतालाई सामान्य  दुध र भात खान पनि पुगेको छैन र भनेर आश्चर्य व्यक्त गर्नुभएछ र त्यस्तो खालको प्रवृत्ति मलाई पनि त्यो देखेर अचम्म लागिरहेको छ । धेरै ठाउँमा भएको देखिन्छ तर आफ्नो निर्वाचन क्षेत्रमा अति न्यून कार्यक्रम छ । दुःख व्यक्त गर्नुभन्दा अर्को मसँग विकल्प रहँदैन । तैपनि अझ

केही कुरा गर्ने क्रममा यसो हेर्यो भने अहिले हामी जनप्रतिनिधिको रुपमा छौं । हामी जाने बेलामा अहिले पुरामा सबैभन्दा बढी प्रश्नचिन्ह प्रदेश सरकारप्रति आम जनताहरुको प्रश्नचिन्ह उभिरहेको छ । के साँच्चै प्रदेश सरकार आवश्यक छ त ? भन्ने ठाउँको स्थिति पुगेको छ । हामी यहाँ धेरै समृद्धिको कुरा गर्ने, धेरै काम गरेको कुरा गर्ने, तर ३ तहको सरकार मध्येमा सबैभन्दा बढी प्रश्नचिन्ह प्रदेश सरकारमा नै आउने भएकोले यो बढी सेन्सिटिभ छ र प्रदेश सरकार अझ गम्भीर तरिकाले अगाडि बढ्नुपर्ने एउटा स्थिति चाँहि छ ।

त्यसमा मैले सुझाव दिन पनि चाहें । विशेषत गरी अब यो बजेटको कुराहरु आए, नीति तथा कार्यक्रमका कुराहरु आए । यो नीति तथा कार्यक्रमलाई विशेषत मैले के भन्न चाँहे भने जसरी अस्ताउँदो सूर्यमा हामीले उज्यालो किरण खोज्दा या मुर्खता हुन्छ त्यसै गरी यो विश्वास गुमाएको सदनको सरकारमा हामी नीति तथा कार्यक्रमको छलपmल गर्दा औतित्य हुन्छ जस्तो लाग्दैन । त्यसैकारण सर्वप्रथम त यो सरकारले जसरी राम्रो काम गर्दा, जसरी हामी नुहाएर फ्रेस भएर हामी काम अगाडि बढ्छौं त्यो हामी राम्रो बन्छ त्यसैगरी यो सरकारले पनि हुन त आफ्नो समयभित्र आफ्नो विश्वासको मत लेला, सबैभन्दा पहिला आफूले आफूलाई विश्वास छ भनेर दावी गरेर मत लिएर नीति तथा कार्यक्रम लिएको भए अझ उत्तम हुन्थ्यो यसले राम्रो बनाउँथ्यो भन्ने मैले सुझाव दिन चाहें । यी सुझावहरु राख्दै अन्तमा जुन खालको यो पछिल्लो परिवेशको घटना घटिरहेको छ यो घटनाको परिघटनाको मुख्य जिम्मेवार दोषीे यो सरकारको प्रमुख नै रहेको हुनाले यो गण्डकी प्रदेश सभालाई कसरी संचालन गर्ने, कसरी सहमतिमा लाने, कसरी सबैको विश्वासमा अगाडी बढाउने, मुख्यमन्त्रीको मुख्य हातमा रहेको हुनाले यो गण्डकी प्रदेश भित्र रहेका सबै प्रतिनिधित्व गर्ने दलका प्रमुख नेताहरुसँग बसेर कसरी अगाडी बढ्न सकिन्छ र गण्डकी प्रदेशलाई कसरी समृद्ध पार्न सकिन्छ भनेर अगाडी बढोस् भन्ने शुभेच्छा सहित मेरो भनाई अन्त्य गर्छु । धन्यवाद, नमस्कार ।

**माननीय सभामुख**

अब म माननीय सदस्य श्री खिम विक्रम शाहीलाई छलफलमा भाग लिन समय दिन्छु। त्यसपछि माननीय सदस्य धनमायाँ पोखरेल लामा ।

**माननीय खिम विक्रम शाही**

माननीय सभामुखज्यू, गण्डकी प्रदेशको आठौं अधिवेशनको आज चाँैथो दिन माननीय अथर्, भूमि व्यवस्था, कृषि सहकारी तथा गरीवी निवारण मन्त्री श्री कृष्ण गुरुङ ज्यूले यस सभा समक्ष प्रस्तुत गर्नुभएको विनियोजित विधेयक २०७८ का सिद्धान्त तथा प्राथमिकता माथि छलफल गर्ने क्रममा छौं । सर्व प्रथम कोभिड—१९ को दोस्रो कहरको कारण मृत्यु हुनुभएका वाग्लुङ जिल्ला साविकको बुवाङ गाविसका अध्यक्ष शेरमान घर्ती लगायत सम्पूर्ण मृतकप्रति हार्दिक श्रद्धाञ्जली साथै मृतकका परिवार तथा आफन्तजनहरुमा समवेदना, साथै यस यो रोगबाट संक्रमित भई उपचारार्थ सबैलाई शिघ्र स्वास्थ्यलाभको कामना व्यक्त गर्न चाहान्छु । बिरामीहरुको उपचारमा खटिनुभएका स्वास्थ्यकर्मी लगायत अग्रपंक्तिमा खटिनुहुने सुरक्षाकर्मीहरु, अभियन्ताहरु, सामाजिक व्यक्तित्वहरु, संघसंस्था, स्थानीय जनप्रतिनिधिप्रति समेत सबैमा हार्दिक हार्दिक नमन गर्न चाहन्छु । यस्तो महामारीको समयमा को सत्तापक्ष, को प्रतिपक्ष हामी सबैको कर्तव्य हुन आउँछ, हुनु पर्छ । जो जसले जे सकिन्छ त्यही प्रकारले हामी लाग्नु पर्छ, यसको जिम्मा अभिभावक सरकार नै हुन्छ । हामी यतिबेला सरकार भत्काउने र बनाउने भन्दा पनि यो महामारीबाट जनतालाई बचाउनेतिर लाग्नु राम्रो हुन्छ, जनतालाई बचाउन सक्यौं भने त्यस पछि अन्य कार्यक्रम गर्दै गरौंला । मलाई त्यस्तो लाग्छ । जनता नभए, जनता मररे सकिए हामीले कहाँ के गर्ने ?

सभामुख महोदय, गत वर्ष बाढीले बगाएर वाग्लुङ जिल्लाको ढोरपाटन लगायत गण्डकी प्रदेशका अन्य जिल्लामा पीडित भएका जनताहरु अझै त्रिपालमुनि बस्न वाध्य भएका छन् । तिनीहरु नै बढी बिरामी भइरहेको अवस्था छ । त्यतिबेला कयौं ठाउँमा प्रदेश सरकारको उपस्थिति भएको पनि हो र बाढीले बगाएका, भत्काएका घरहरु, विद्यालयहरु, पुलहरु स्वास्थ्य संस्थाहरु सबै हामीले बनाउँछौ भनेर बोलेको पनि हो तर

तत्कालको राहत बाहेक अरु केही हुन सकेकौ छैन यसमा सरकारको ध्यान जान सकेको पनि छैन ।

उनीहरुले अहिले पनि त्यस्तै दुःखी जीवन, कष्टकर जीवनका साथ जीवन निर्वाह गर्नु परेको छ, फेरि वर्षा लाग्यो । यो विनियोजन विधेयक २०७७ का सिद्धान्त र प्राथमिकताको अध्ययन गर्दा केन्द्रको बजेट भाषणमा जसरी निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम कटौती गरेको छ, मैले देखिन त्यसरी नै यहाँ प्रदेशमा त्यो कार्यक्रम देखिएन, कि यहाँ पनि संसद विघटन गर्ने सोचमा छ र सरकार ?

त्यसो त नहुनु पर्ने हो । केन्द्रीय सरकारले यो वाग्लुङ जिल्लाको ढोरपाटन क्षेत्रको उत्तरगंगा लगायत धेरै ठाउँमा मेघा प्रोजेक्टको सम्भावना भएका ठाउँहरु छन्। तर अहिलेको केन्द्रीय बजेटमा समावेश गरिनुपर्ने थियो गरिएन । ती बाहेक वृहत योजनाहरुमा पनि वाग्लुङ जिल्लालाई पक्षपात गरिएको छ । यसमा हामी वाग्लुङ जिल्लावासीहरु अत्यन्त दुखि छौं र सभामुख मार्फत केन्द्रीय सरकारलाई यस कुरामा पुनः विचार गरियोस् भन्ने म अनुरोध गर्दछु ।

सभामुखज्यू, यो हाम्रो प्रदेशमा सरकारको वैधानिकताको कुरा उठिरहेको बेला र आफै सरकार पक्षले पनि हामी विश्वास मत लिन्छौं भनेको बेला समयमै विश्वासको मत लिने प्रकृयामा अगाडि बढ्को लागि म अनुरोध गर्दै मेरो भनाईको अन्त्य गर्छु । धन्यवाद।

**माननीय सभामुख**

माननीय सदस्य श्री धनमायाँ पोखरेल लामालाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय सदस्य श्री लक्ष्मी सुनार ।

**माननीय धनमायाँ पोखरेल लामा**

माननीय सभामुख महोदय, नेपालको राजनीतिक परिवर्तनको क्रममा भौतिक शरीर कुर्वानी गर्ने महान जनयुद्ध, जन आन्दोलन, मधेश, थारुहट, एवं जनजाति आन्दोलनका सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली साथै घाइते, वेपत्ता, सहिद परिवार प्रति उच्च सम्मान व्यक्त गर्दछु

। कोभिड—१९ संक्रमबाट ज्यान गुमाउनु हुनेहरु प्रति हार्दिक श्रद्धाञ्जली साथै कोभिड—१९ द्वारा संक्रमित भई उपचारमा रहनु हुने सम्पूर्ण प्रति शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

माननीय सभामुख महोदय, यो अधिवेशन राजनीतिक र बजेट निर्माणको हिसावले महत्वपूर्ण अधिवेशन रहने छ भन्ने मलाई लाग्छ । केही समय यता यो प्रदेश सभा नै डेटलकको अवस्थामा गुज्रिरहेको छ । यसलाई यस चालु अधिवेशनले मार्ग प्रशस्त गर्नेछ भन्ने शुभकामना दिन चाहन्छु । गण्डकी प्रदेशका माननीय अर्थमन्त्रीज्यूद्वारा विनियोजन विधेयक—२०७८ को सिद्धान्त र प्राथमिकता यस प्रदेश सभामा टेवुल गर्नुभएको छ । यस प्रति म प्रवेशै गर्न चाहिन, किनभने हाल रहेको गण्डकी प्रदेश सरकार अल्पमतको सरकार हो, यो अवैधानिक छ, काम चलाउ सरकारको हरेक कार्यक्रमहरु काम चलाउनै हुने गर्दछ । त्यसैकारणले म सबैभन्दा पहिला अहिले रहेको गण्डकी प्रदेश सरकार जुन अल्पमतको सरकार छ, यस अल्पमतको सरकारलाई सरकारको मुख्यमन्त्रीज्यूलाई सबैभन्दा पहिला गण्डकी प्रदेशमा विश्वासको मत लिएर अगाडि बढ्नु हुन म विशेष गरी ध्यानाकर्षण गराउन चाहन्छु ।

माननीय सभामुख महोदय, विभिन्न उतारचढावका बिचबाट प्रदेश सभा गुज्रिरहेको अवस्था छ । गण्डकी प्रदेश सरकारले संसदलाई अवैधानिक तरिकाले चलाउने प्रयत्न गरिरहेको छ । अल्पमतले वहुमतलाई शासन गरिरहेको अवस्था रहेको छ । फुटाउ र शासन गरको सिद्धान्तबाट यो प्रदेश सरकारको नेतृत्व अगाडि बढिरहेको अवस्था छ। चालु विधेयक अधिवेशन मध्यरातमा अन्त्य गर्नु, संविधानको धारा १८८ को २ अनुसार अविश्वासको प्रस्ताव संसदमा दर्ता हुँदा संसदबाट फेस गरेर अगाडि बढ्ने आँट नगर्नु, आफ्नो अनुकुलतामा प्रदेश प्रमुख हेरफेर गर्नु मुख्य मन्त्रीले राजिनामा दिनु, चालु अधिवेशनको रातारात अन्त्य गर्नु, पुनः मुख्यमन्त्रीमा नियुक्ति हुनु, विश्वासको मत नलिई बजेटका सिद्धान्त र प्राथमिकता प्रदेश सभामा प्रस्तुत गर्नु, अध्यादेश मार्फत बजेट ल्याउने पूर्व तयारी गर्नु, विश्वासको मत नपाएमा संसद विघटन गरेर हामी मध्यावधिमा जान्छौं

भनेर बाहिरी कार्यक्रमहरुमा खुल्लमखुल्ला धम्कीपूर्ण भाषण गर्दै हिंड्नु यो गण्डकी प्रदेश सभाको लागि र यो समग्र गण्डकी प्रदेशको जनताको भविष्यको लागि एकदम दुःखदायी छ र यसको म खेद व्यक्त गर्न चाहन्छु र हाम्रो दलको तर्फबाट अहिले रहेको अल्पमतको सरकारलाई यहाँबाट सच्चेर जान र गण्डकी प्रदेशलाई समृद्ध प्रदेश र सुखी प्रदेश बनाउछु भनेर ३ वर्ष अगाडि खाएको कसमलाई एकचोटी फर्केर हेर्न म विशेष अनुरोध गर्न चाहन्छु ।

माननीय सभामुख महोदय, यी सबै हर्कतहरु हेर्दा, गण्डकी प्रदेश सरकारका प्रमुख माननीय पृथ्वीसुव्वा गुरुङ ओली पथ अनुशरण गर्दै हरेक आफ्नो काम कार्यवाहीहरुलाई अगाडि बढिरहेको हामीलाई अनुभूति भइरहेको छ । हामीले त भनेका थियौं, संघीयताको पक्षमा धेरै वकालत गरेर, धेरै संघर्ष गरेर यहाँसम्म आउनुभएको उहाँले संघीयतालाई राम्रोसँग बुझ्नुभएको छ र गण्डकी प्रदेशको जनताको भविष्य निर्माण गर्नको निम्ति एउटा आशाको धरोहर हो भनेर हामीले उहाँको बारेमा धेरै सुन्ने गरेका थियौं र हामीले यही ढंगले उहाँलाई विश्वास पनि गरेका थियौं र ३ वर्ष नवित्दै यो विश्वास उहाँले तोड्नु भयो, अझै पनि समय छ र सच्चेर आउनुहोस् र गण्डकी प्रदेशलाई उज्ज्वल गर्नुहोस् मेरो यही नै यही अनुरोध छ मुख्यमन्त्रीज्यूलाई ।

माननीय सभामुख महोदय, सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीद्वारा अलौकतान्त्रिक संवैधानिक र प्रतिगमनकारी कदम चाल्दै पटक पटक संसद विघटन गर्नु, राष्ट्रपति जस्तो सम्मानित पदलाई आफू अनुकुल प्रयोग गर्नु, कोभिड–१९ को महामारीमा मध्यावधि चुनावको घोषणा गर्नु, र संघीयाता गणतन्त्र संविधानमाथि नै प्रहार गर्नु यो अहिले नेपालको राजनीतिमा कोभिड–१९ सँगसँगै संक्रमण जसरी अहिले विश्वव्यापीमा फैलिरहेको छ, यो राजनीतिकमा पनि ठूलो भाइरस हो र यसले अन्ततः नेपालको राजनीति मात्रै नभईकन नेपालको एउटा हाम्रो अस्तित्व, जुन हामीले संघीयता, धर्म निरपेक्षता, समानुपातिक र समावेशीको कुरा गरेर थुप्रै सहिदहरुले, थुप्रै वेपत्ता योद्धाहरुले आफ्नो पसिना रगत बगाएर यहाँसम्म ल्याएको संघीय लोकतान्त्रिक

गणतन्त्र छ, यो नै धरापमा पर्ने अवस्था आइरहेको छ र हामीले आजै यदि हामीले भाषणमा भने जसरी समृद्ध नेपाल र सुखी प्रदेश बनाउने एउटा मनोकांक्षा पूरा गर्ने हो भने हामी आजै सच्चिन जरुरी छ । कम्युनिष्टकै इतिहासम हेर्ने हो भने थुप्रै खालको परिघटनाहरु छ, हामीले हिजो वाचा गरेको कसमहरु पूरा गऱ्यौं कि गरेनौं ?

हामी हिजो पृष्ठभूमिको कारण कम्यूनिष्ट आन्दोलनबाट आएको कुरामा मलाई के दुःख लाग्छ भने कम्यूनिष्टहरु विश्वव्यापि रुपमा हेर्नैं हो भने विस्तारै विस्तारै पतन हुँदै गइरहेको अवस्थामा, हो नेकपा माओवादी केन्द्र र एमालेको जुन मर्ज भएर ६४ प्रतिशत मत जनताले दिएको हो कि होइन ? तपाईंहरुले एउटै घोषणापत्रबाट हामी समृद्ध नेपाल बनाउँछौ भनेर प्रतिवद्धता दिएर आउनुभएको हो कि होइन ? हामीले कसैले ध्यान तपस्या गरेका थिएनौं कि तपाईंहरु टुक्रा टुक्रा भएर सत्ताको लागि लडाईं गर्नोस् भनेर हामीले कहिल्यै पनि भनेका थिएनौं । हाम्रो त के भनेका थियौं भने राम्रोसँग प्रदेशलाई चलाउनुहोस्, देश चलाउनुहोस् समृद्ध नेपाल बनाउनुहोस्, हामीले एउटा व्यवस्थाको लडाईं लड्यौ र अब हामी राजनीतिक हिसावले एक ठाउँमा स्थापित भइसक्यौ ।

कम्युनिष्टको नेतृत्वमा यो देशलाई समृद्ध मुलुक बनाउनु पर्छ, हामीले संभावनाहरुको खोजी गर्नु पर्छ र हामीले विश्वमा नै नेपाल भन्ने देशलाई अग्रपंक्तिमा राख्नु पर्छ भनेर हामीले तपाईंहरुलाई सत्तामा रहिरहेको देख्न चाहेकै हो । हामीले तपस्या गरेर तपाईंहरु यसरी फुटेर एकले अर्कालाई विश्वास नगर्ने, हामी सत्ताको खेलमा अहिले संघ प्रदेश हुँदाहुँदै मिल्छ भने त वडासम्म पनि पाटीको विभाजनको दिशासँगसँगै हाम्रो संरचनाहरु पनि फेर्दै, वदल्दै लैजाँदै गर्ने कुचेष्टा भएको छ । अन्तत, यसले कम्युनिष्ट आन्दोलनलाई पतन तर्फ उन्मुख गर्दै गरेको अवस्था छ र अझै समय छ, सबै कम्युनिष्ट नेताहरु सच्चिनु र अझै मिल्छ भने तपाईंहरु एकै ठाउँमा आएर सरकार चलाएको म हेर्न चाहन्छु । यही रोहमा बसेर अझै गण्डकी प्रदेशलाई समृद्ध प्रदेश बनाएर अगाडि बढ्नोस् । हिजो मात्रै खाएको कसमहरु चकनाचुर पारेर जाने छुट कसैलाई छैन र

मेरो अनुरोध के छ भने, हामी अझै गण्डकी प्रदेशलाई समृद्ध प्रदेश बनाउनको निमित्त सबैलाई एकचोटी हिजो नेकपा माओवादी केन्द्र र नेकपा एमाले जुन पार्टी थियो मर्ज भइसकेर एकैठाउँमा आइसकेपछि तपाईंहरु ६४ प्रतिशत मत ल्याएर यो ठाउँमा आउनुभएको तपाईहरुलाई छुट छैन, यो वा त्यो ढङ्गले सत्ताको खेलमा एउटा प्रदेशलाई र देशलाई अहिले संघीयतालाई नै विघटनतिर लैजाने यो छुट कसैलाई छैन । यो छुट हुन्छ भने त्यसले जनताले आगामी दिनमा यसको लेखाजोखा गर्नेछ र अहिले हामी संविधान र लोकतन्त्रको रक्षाको निमित्त अग्रगामी शक्तिहरु एकजुट भएर अगाडि बढ्नु पर्छ भन्दै मेरो आब्हान राख्दै विदा हुन्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री लक्ष्मी सुनारलाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय सदस्य श्री डोबाटे विश्वकर्मा ।

**माननीय लक्ष्मी सुनार**

माननीय सभामुखज्यू, सर्वप्रथम त कोरोना भाइरसबाट ज्यान गुमाउने सम्पूर्णजनलाई हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु र उपचारमा रहनु हुनेहरुलाई स्वास्थ्यलाभको कामना गर्दछु ।

माननीय सभामुख ज्यू, यस गरिमामय सभामा जेठ १७ गते माननीय अर्थ भूमि व्यवस्था कृषि सहकारी तथा गरीवी निवरण मन्त्री श्री किरण गुरुङज्यूले विनियोजन विधेयक २०७८ का सिद्धान्त तथा प्राथमिकता प्रस्तुत गर्नुभएको छ । यस विनियोजन विधेयकमा धेरै कुरा समेटिएको छ । सर्वप्रथम त, कोरोना भाइरस लगायत अन्य महामाहारी रोकथाम नियन्त्रण र उपचारका लागि स्वास्थ्य प्रणालीलाई सुदृढ गर्दै आधारभूत सेवामा सबैको सहज पहुँच सुनिश्चित गर्दै गुणस्तर अभिवृद्धि गर्न आवश्यक बजेट व्यवस्था गरिएको छ । होम आइसोलेसनमा बसेका कोरोना संक्रमणलाई पनि आवश्यक सेवाहरु उपलब्ध गराउनुभएको छ ।

माननीय सभामुखज्यू, गण्डकी प्रदेशको १४ लाख नागरिकलाई कोरोना भाइरसको खोप लगाउन व्यवस्था भएको छ । कोरोना भाइरसका कारण ज्यान गुमाउनेका परिवारलाई रोजगारी र बालबच्चाको शिक्षाको व्यवस्था गर्ने कार्यक्रम ल्याएको छ ।

माननीय सभामुखज्यू, भौतिक पूर्वाधार विकास तर्फ हेर्ने हो भने, स्थानीय तहको केन्द्र जोड्ने एक निर्वाचन क्षेत्र एक सडक, आधारभूत खानेपानी, एक घर एक धारा कार्यक्रमलाई निरन्तरता दिइएको छ । कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न प्रदेशका कृषियोग्य जमिनमा सिँचाईको विकास गरी वर्षभरि सिँचाई सुविधा पुर्याउने व्यवस्था गरिएको छ । उज्यालो गण्डकी प्रदेशका लागि विद्युत प्रशारण लाईन नपुगेको ठाउँमा सौर्य तथा वैकल्पिक ऊर्जा कार्यक्रमलाई अगाडि बढाएको छ । युवा तथा खेलकुद अगाडि बढाउनको लागि खेलको पूर्वाधार निर्माण र खेलाडीलाई प्रोत्साहन गर्दै खेलकुद क्षेत्र कोष समग्र विकास गरी अन्तर्राष्ट्रिय स्तरका खेलकुद पूर्वाधार निर्माणलाई जोड दिई युवाहरुलाई उद्यमशील र स्वरोजगार बनाउने आवश्यक कार्यक्रम आएको छ । हिंसा पीडित एवं वेवारिसे महिला, बालबालिका, अपांगता भएका व्यक्ति तथा जेष्ठ नागरिकको उद्धारको लागि बजेट व्यवस्था भएको छ ।

मुख्यमन्त्री, जलवायु मैत्री, नमुना कृषि गाउँ कार्यक्रमलाई निरन्तरता दिई कृषि बजार विकास तथा मूल्य निर्धारणलाई जोड दिएको छ । जुन यस विधेयकमा यति धेरै शीर्षकहरु समेटिएर आएको छ । तर योजना समेट्दा समानुपातिक समावेशको आधारमा व्यक्ति नहेरी समान हिसावले योजना समावेश गर्नुहोला भन्दै अन्तमा, माननीय सभामुखज्यू, अहिलेको प्रदेश सरकारले साँढे तीन वर्षको बिचमा जनताको लागि यो सरकारले मन छुने काम धेरै गरेको छ । यो विकासका कामहरु सबै पार्टीका जनताको लागि गरेको छ । एक घर, एक धाराको व्यवस्था गरेको छ । पक्कै पनि सरकार पक्षको जनताले मात्रै पानी खाएका त छैनन् होला, कुना कुनामा बाटो बनेका छन् तर पक्कै पनि सरकार पक्षको जनताले मात्र हिंडेका छैनन होला, बिजुली बत्ती ठाउँ ठाउँमा गएका छन् सरकार पक्षको जनताले मात्र बालेका छैनन् होला नि । शिक्षा, स्वास्थ्यको पनि सुविधा पनि

सरकार पक्षका जनताले मात्र पाएका छैनन् होला र सेवा सुविधा र विधास सबै पक्षकाले पाउने हो । त्यसैले म के भन्छु भने यस गरिमामय सभामा जति दल छ ती सबै दलका वा पार्टीका प्रधानमन्त्री भएर सरकार चलाइसकेका छन् । जनतालाई खुशी दिएर कति काम गरेको, गरेर देखाए । जनतालाई दुःख दिन बाहेक काम भएन । अहिलेको सरकारलाई तपाईहरु किन यसरी आरोप मात्र लगाउनु हुन्छ ? यस गरीमामय सभामा यसरी बोल्न मन र सम्मानका साथ बोल्न सिक्नोस् । जुन ठाउँबाट जनताले विश्वास गरेर उनीहरुको मन जितेर हामी यस ठाउँमा आउन सफल भएका छौं ।

हामी नै यसरी तछाड र मछाड गर्योभ ने भोली फेरी त्यही जनताको घर घरमा भोट माग्नु पर्छ, कसरी जाने ? जनताले के भन्छन् ? त्यतापट्टि फर्केर हेरौं । त्यसैले यतिबेला जनताको माग अनुसारको योजना प्रति रकम बाँडफाँड गर्ने बेला हो त्यही अनुसार गरौं । भन्दै हो विनियोजन विधेयक २०७८ का सिद्धान्त र प्राथमिकता सान्दर्भिक छ भन्दै मेरो भनाई यहीं अन्त गर्छु । हस्त धन्यवाद, नमस्कार ।

**माननीय सभामुख**

माननीय सदस्य श्री डोबाटे विश्वकर्मालाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय सदस्य श्री मधु अधिकारी गुरुङ ।

**माननीय डोबाटे विश्वकर्मा**

माननीय सभामुखज्यू, आज हामी २०७८÷०७९ को विनियोजन विधेयक सिद्धान्त र प्राथमिकता माथिको छलफलको सन्दर्भमा हामी यहाँ उभिरहेका छौं । वास्तवमा यसपाली हामी पृथक र भिन्न तरिकाले हामी यहाँ उपस्थित भएका छौं जस्तो लाग्छ । हामीले ३ वर्षको नीति र सिद्धान्त, विनियोजन बजेटको सिद्धान्तमा छलफल गरिरहँदा, हामीले भनेका थियौं, यी कुराहरु थप गर्नु पर्यो, यी कुराहरु अपूरा भए, यी कुराहरुलाई यसो गर्नु पर्यो भनेर हामीले व्यापक, सुझाव र सल्लाह दिएका थियौं । तथापि ती सुझाव र सल्लाहहरुलाई कहिल्यै पनि संवोधन गर्ने तर्फ गइएन र हामीलाई साक्षीको रुपबाट

मात्रै राखिएको थियो त्यसले गर्दा पनि अहिलेको परिस्थिति भिन्न तरिकाले आएको छ भन्ने मलाई लाग्छ ।

माननीय सभामुखज्यू, कोभिड–१९ को महामारीबाट मृत्युवरण गर्नु हुने सम्पूर्ण महानुभावहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै, कोभिडबाट बिरामी भएर छटपटाएर बसिरहनु भएका बिरामीहरु प्रति शिघ्र स्वास्थ्य लाभको कामना गर्दै र सुरक्षाकर्मी, स्वास्थ्यकर्मी, त्यस क्षेत्रमा काम गर्ने सम्पूर्ण जनप्रतिनिधिप्रति म हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु ।

माननीय सभामुख महोदय, त्यसकारले गर्दा, यसपालीको बजेट र यसपालीको सरकार र आकारले गर्दा हामीले  भनेका छौं कि, यसपालीको यो सिद्धान्त र प्राथमिकताको आधारमा छलफल गर्नुभन्दा पहिला सरकारले कानुनी र संवैधानिक तरिकाले आफ्नो वैधानिकतालाई पूरा गरे पछि मात्र हामीले यो छलफलमा भाग लिंदा उपयुक्त भन्ने हामीले कुरा राखेका हौं । त्यसकारणले म आग्रह गर्न चाहन्छु सर्व प्रथम अहिलेको यो विश्वासको मत गुमाएको सरकारले आफ्नो विश्वासको मत लिइसकेपछि मात्रै हामी फेरी छलफलमा बसेर यहाँहरुको सरकारलाई सुझाव, सल्लाह दिएर हामी अगाडि बढ्ने कुरामा हामी प्रतिवद्ध हुनेछौं भन्ने कुरा पनि म राख्न चाहन्छु ।

विशेष गरेर जसरी अहिलेको परिघटनाले केन्द्रमा होस्, प्रदेशमा होस् अहिलेको परिघटनाले प्रत्येक क्षेत्रमा अप्ठ्यारो परिस्थिति सिर्जना भइरहेको अवस्थामा जसरी गण्डकी प्रदेश सरकार अल्पमतमा परिसकेपछि हामी प्रतिपक्ष ४ दलले आविश्वासको प्रस्ताव दर्ता गरिसके पछि र जबसम्म त्यसलाई विश्वासको मत लिएर आफ्नो वैधानिकता प्राप्त गर्न पर्नेमा माननीय मुख्यमन्त्रीज्यूले त्यसबाट आफू विश्वासको मतबाट असफल हुने अवस्था देखिसकेपछि राजिनामा दिएर जसरी घुमाउरो बाटोबाट प्रदेश प्रमुख र मुख्यमन्त्रीज्यूको छलफल र मिलेमतो भन्नुपर्छ यसलाई, त्यो ढंगबाट जसरी फेरी राजिनामा दिएर घुमाउरो बाटो जाने प्रकृया सुरु गर्नुभएको छ ।

त्यसै सन्दर्भमा जसरी प्रदेश प्रमूखले ३ दिनको समय दिएर सरकार बनाउन प्रतिपक्षलाई एउटा आह्वान गरिसकेपछि, प्रतिपक्षले जसरी ४ दलले आफूले सहमतिको आधारमा हामी सरकार बनाउँछौं भनेर प्रदेश प्रमुखसँग गइसकेर हाम्रा ती निवेदन दर्ता भइसकेको अवस्थामा प्रदेश प्रमुखले त्यसलाई वेवास्ता र एउटा रद्दीको टोकरीमा हालेर, हामीले निवेदन गरेर दर्ता गरेर आएको पाँच मिनेट भित्रमा फेरी मुख्यमन्त्रीलाई शपथ खुवाएर, यो के यहाँ साथीहरुले भन्नुहुन्थ्यो पहिला हामीले यो कोरोना संकल्पको हामीले दर्ता गर्दाखेरी यहाँ माननीयज्यूहरुले भन्नुभएको थियो, तपाईंहरु ढोकाबाट आउनुभएन, झ्यालबाट छिर्नुभयो भन्नुभएको थियो । अहिले माननीय मुख्यमन्त्री अहिलेको सरकार ढोकाबाट आयो कि, झ्यालबाट आयो कि, दुलातिरबाट छिरेर आयो यो ? त्यसकारले हामील भन्ने गरेका छौं कि यो सरकार वैधानिक छैन अब यो सरकार बैधानिकता पूरा गरिसके पछि मात्र यो सरकार अगाडि बढ्न सक्छ भन्ने कुरा हाम्रो मत रहेको छ त्यसढंगबाट अगाडि बढ्न को लागि म आग्रह गर्न चाहन्छु ।

जबसम्म यो प्रदेश सरकारले जुन विभिन्न खालका अवस्थामा जसरी कामहरु गर्यो म एउटा मात्रै कुरा जोड्न चाहन्छु यहाँ, आज थुप्रै काम गर्यौं भनेर यहाँ किताब र भाषणले मात्र हुँदैन सिंगो फिल्डमा काम देखिनुपर्यो । पञ्चायत कालमा मैले एउटा मात्र उदाहारण यहाँ राख्न चाहन्छु मैले सुनेको थिएँ बजेट कसरी जान्थ्यो रे भने एउटा पोखरी खन्न भनेर बजेट जाने अनि त्यहाँ पोखरी नै नखन्ने, अनि त्यसको बजेट लिने, त्यसपछि फेरी पछाडि यो पोखरीले दुर्घटना हुने अवस्था भयो पुर्न पर्यो भनेर फेरी बजेट लिने भन्ने अवस्था सिर्जना भएको थियो रे अहिलेको बजेट झण्डै त्यही ढंगले गएको कि भन्ने हामीलाई लाग्छ । त्यसैले यो छलफलको अहिले कुनै औचित्य छैन भन्ने सिद्ध हुन्छ भन्ने मलाई लाग्छ । अर्को कुरा माननीय सभामुखज्यू, यो अहिलेको सरकारले कोभिडको सन्दर्भमा आज मान्छेहरु अक्सिजन नपाएर, बेड नपाएर, उपचार नपाएर बसिरहेको अवस्थामा हाम्रा माननीय मुख्य मन्त्रीज्यूले यो भन्दा १ वर्ष अघि भन्नुभयो कि यो प्रदेश ग्रिन जोन अवस्थामा छ भन्नुभएको थियो कि यो प्रदेशमा कति विरामी मृत्युवरण गरेको

अवस्थामा छ ? त्यसकारण आंकलन नगरी एउटा जिम्मेवारी व्यक्तिले बोल्दा यस्तो अप्ठेरो हुन्छ भन्ने कुरा हामीले महसुस गर्नु पर्दछ भन्ने म आग्रह चाहन्छु।

अन्तिममा म एउटा कुरा मात्रै राखेर म विदा हुन चाहन्छु । अहिले जसरी केन्द्रीय सरकारका प्रधानमन्त्री र सम्माननीय राष्ट्रपतिज्यूबाट जसरी अहिलेका विभिन्न खालका घटनाहरु श्रृंखलाबद्ध बाट घटना भएका छन्, त्यतातिर म जान चाहन्न । अहिले जसरी नागरिक विधेयकमा अध्यादेशबाट जसरी नागरिकता विधेयक पास भएको छ यसले गर्दा तराईवासी हाम्रा नेपाली दाजुभाइहरुले नागरिकता नपाउने र विदेशीले नागरिकता पाउने र त्यहाँका नेपाली जनताहरु विस्तापित हुने अवस्था सिर्जना भएको छ, त्यसकारणले अझै चिन्ताको विषय के भाको छ भने तपाई प्रधानमन्त्री सम्मानीय प्रधानमन्त्री के.पी. शर्मा ओलीज्यूलाई मेरो आफ्नो पद जाने भयो अब मैले एउटा प्रदेश वा एउटा प्रान्त कुनै अर्को देशलाई दिनु पर्ने भयो र मेरो सत्ता जोगाउनु पर्ने भयो भन्ने भयो भने.सम्माननीय राष्ट्रपतिज्यूले यो प्रधानमन्त्रीले लगेको सिफारिस शितलनिवासमा नपुग्दै गेटैबाट सदर गरेर कतै हाम्रो देशलाई अर्को अप्ठयारोमा पार्छ भन्ने सिर्जना भएको छ त्यसकारण सम्पूर्ण नागरिकहरुलाई चिन्ताको विषय बनेको छ । यसमा हामी सबै सचेत हुनुपर्छ भन्ने आग्रह गर्दै आफ्नो भनाई अन्त्य गर्न चाहन्छु । धन्यवाद। जय नेपाल ।

**माननीय सभामुख**

माननीय सदस्य श्री मधु अधिकारी गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय सदस्य श्री जुनादेवी नेपाली ।

**माननीय मधु अधिकारी गुरुङ**

माननीय सभामुख महोदय, आज हामी आर्थिक वर्ष ०७८÷०७९ को बजेटको सिद्धान्त र प्राथमिकताको विषयमा छलफल गर्न उपस्थित भऐका छौं । यस सन्दर्भमा नेपालमा २४० वर्ष सम्मको निरंकुश  राजतनत्र अन्त्यको लागि र संघीय लोकतान्त्रिक गणतन्त्र प्रासिको निम्ति साहदत प्राप्त गर्नु हुने महान सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली

अर्पण गर्न चाहन्छु । यसैगरी परिवर्तनको निम्ति राज्यद्वारा वेपत्ता पारिनुभएका योद्धाहरुप्रति स्मरण गर्न चाहन्छु । राज्यद्वारा जेलमा राखिएर हिरासतमा राखिएर, यातना पाउनुभएका यातना पीडित र परिवर्ततका निम्ति अहोरात्र खटिनुहुने आदरणीय जनसमुदायमा हार्दिक नमन गर्न चाहन्छु ।

समाभुख महोदय, यस सन्दर्भमा आज कोरोना भाइरसको कारणले दिन दुईगुणा रात चार गुणा हुँदै मृत्युदर बढिराखेको छ । कोरोना संक्रमित संख्या बढिरहेको छ । कोरानाबाट मृत्यू हुनेहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । जो संक्रमित हुनुभएको छ, उपचार गरिरहनुभएको छ, उहाँहरुप्रति स्वास्थ्य लाभको कामना गर्न चाहन्छु । त्यसैगरी उहाँहरुको परिवारमा समवेदना व्यक्त गर्न चाहन्छु ।

माननीय सभामुख महोदय, हिजो हामी यही रोष्टममा बसेर गण्डकी प्रदेश, सुखी प्रदेश, समृद्ध प्रदेश, सुखी गण्डकी जनता, खुसी गण्डकी जनता भनेर प्रतिवद्धता जाहेर गरेका थियौं । आज कति खुशी भए, कति समृद्ध भए र कति विकासका ढोका खोलिए ? यसको समीक्षा गरेर अगाडि बढ्ने ठाउँमा हामी उभिइरहेका छौं । यो सन्दर्भमा यो प्रदेशलाई मात्र होइन जब नेपालमा राजनैतिक अस्थिरतातिर देश धकेलिन पुग्यो, यतिबेला कोरोना भाइरसबाट संक्रमित व्यक्तिहरुलाई उपचार गर्नुपर्ने, यो महामारीबाट जनतालाई उन्मुक्त बनाउनु पर्ने यो अवस्थामा हामीले त्यतातिर ध्यान नदिएर, सत्ता जोगाउनको निम्ति जुन खेल खेलिरहेका छौं र फेरी जनतालाई घुर्की, धम्की दिँदै संसद विघटन गर्ने जो असंवैधानिक कदम चालिएको छ यसको प्रभाव गण्डकी प्रदेशमा पनि प¥यो । हिजो हामीले जनतालाई के भन्यौं ? हाम्रो आदर्श के का थियो ? देशमा अराजनैतिकता, कालो बादल मडारिएको छ, देश अस्थिरतातपर्m उन्मुख हुदैछ ।

सामन्तवादले टाउको उठाइरहेको छ, व्यापार ठप्प छ । कालोबजारी र महंगी दिनरात बढिरहेको छ, बिरामीहरु कोरोनाबाट संक्रमित भइरहेका छन्, जनताहरु आत्तिएका छन्। आज हामी हाम्रो टाउकोमा ऋणको थुप्रो छ, हामी भिकारी र मगन्ते बनेर अगाडी बढिरहेका छौ । यो अवस्थामा हामी छौं । हामीले खै हाम्रो राष्ट्रियता, खै

हाम«ो स्वाधिनता, खै हाम्रो न्याय र समृद्धि, खै देशमा स्वाधिनता, खै सुशासन, खै हामीमा शान्ति ? शान्ति, बन्दुक नपड्केर मात्र शान्ति हुने होइन, हाम्रो मनमा शान्ति छ कि छैन भनेर छातीमा हात राखेर भनौं हामी आज एउटा खालको अशान्तिको खैलाबैला मडारीएको छ ।

यो अवस्थामा पटक पटक संविधानामाथि कुल्चने काम भइरहेको छ । पौष ५ गते संविधानलाई कुल्चने काम गरियो, संसद विघटन गरियो, आम नेपाली जनताहरु उर्लेपछि त्यसको पुनःस्थापना भयो र फेरी जेठ ७ गते उही दोहोरियो र संसद विघटन भयो । के नेपाली जनताले त्यसकै लागि मतदान गरेका हुन् ? त्यसकै लागि २ तिहाई वहुमत कम्युनिष्ट पार्टी दिएका हुन् ? यसको समीक्षा गर्नु पर्छ कि पर्दैन । आज साढे ३ वर्षमा हामीले गरेका विकास र समृद्धिको हामीले गरेका खुसी नेपाली र सुखी नेपालीको बीचमा कति काम गर्न सक्यौं भनेर हामीले समीक्षा गर्नुपर्छ कि पर्दैन ? जनतालाई ऋणको भारी थुपारीएको छ । तसर्थ आज सभामुख मापर्mत के भन्न चाहन्छु भने फेरी संघीय सरकार, सरकार त अहिले छैन । तैपनि फेरी त्यो कुरालाई समीक्षा गरेर जनताको इच्छा चाहना पूरा गर्नको निम्ति संसद संघीय संसद पुनःस्थापना होस् भनी म अनुरोध गर्न चाहन्छु । माननीय सभामुख महोदय, आज हामी प्रदेश सभामा छौं, त्यसको असर यहाँ पनि परिरहेको छ । गण्डकी प्रदेशको आर्थिक आधार के हो ? यहाँको भौगोलिक अवस्था कस्तो छ ? शैक्षिक अवस्था कस्तो छ ? यहाँको चेतना र राजनीतिक अवस्था के छ र हामी कुन जगमा टेकेर बजेट बनाउछाँै, नीति कार्यक्रम बनाउँछौ भने सर्वप्रथम प्रदेश सभा स्थायी बनाउन लागौं ५ वर्ष टिकाउँ अनि संघीयता बलियो हुन्छ अनि हामीले भनेको सुख र समृद्ध नागरिक अथवा गण्डकी प्रदेश बनाउन सकिनेछ ।

हिजो हामी कुन ठाउँमा थियौं ? आज हाम्रा अघिपछि को चुनावमा भोट माग्दै हिंडेका थिए र हामीले कोसँग भोट माग्यौं ? हामीले सहिद परिवारलाई के भनेका थियौं ? हामीले बेपत्ता परिवारलाई के भनेका थियौं ? हामीले वृद्ध बुवाआमाको आशिर्वाद कसरी

थाप्यौं र उहाँहरुले हाम्रो अँगालो समातेर के आशिर्वाद थापेका थियौं ती जनतालाई देख्न पर्दैन ? ती जनतालाई लात हानेर आज हामीले विश्वासको मत लिन नसके, विश्वासको मत प्राप्त नभए मध्यावधि निर्वाचन हुन्छ र संसद विघटन हुन्छ भनेर घुर्की दिने ? के श्रीमतीले नुन तरकारीमा नुन बिल्नो भयो भनेर श्रीमतीलाई धम्क्याएजस्तो हो ? के छिमेकीको बाख्राले घाँस खायो भनेर छिमेकीलाई धम्क्याएजस्तो हो ? यो संघीयता त्यसै आएको छ ? म जस्ता हजारौं हजारौं योदाहरुको श्रीमतीको सिउँदो पुछिएर आएको गणतन्त्र हो, सिउँदो पुछिएर आएको संविधान हो । अनि वेपत्ताहहरुले वलिदान गरेर आएको संघियता हो, प्रदेश सभा हो ।

तसर्थ ख्याल राख्नुहोस् ती जनसमुदायलाई सम्झनुहोस् अनि बल्ल तपाईंहरुले घुर्कि, धम्की दिनुहुनेछ । माननीयज्यूहरु, तपाईहरु आफूलाई प्रभुत्व ठान्नुहुन्छ, आफूलाई बुद्धिमानी ठान्नुहुन्छ । अरु अनपढ, गोठालो सम्झनु हुन्छ भने प्रदेश सभाबाट वास्तवमा एउटा सहकार्य गरेर त्यो प्रदेश सभालाई स्थायी बनाएर जानुहोस् । अन्त्यमा मैले के भन्न चाहन्छु भने, देशमा के—के भयो, हेर गाउँले हो सुन गाउँले हो, देशमा के भयो, सुन गाउँले हो, छर्लङ्ग देखियो जालले छेकेको, छर्लङ्ग देखियो भन्दै विदा हुन्छु । धन्यवाद।

**माननीय सभामुख**

माननीय सदस्य श्री जुनादेवी नेपालीलाई छलफलमा भाग लिन अनुमति दिन्छु । त्यसपछि माननीय सदस्य श्री विष्णु प्रसाद लामिछाने ।

**माननीय जुनादेवी नेपाली**

माननीय सभामुखज्यू, विनियोजन विधेयक २०७८ सिद्धान्त र प्राथमिकता माथि आज हामी छलफलमा रहेका छौं । विश्वव्यापी रुपमा देखा परेको कोभिड—१९ को दोस्रो लहरले सृजना गरेको यो विषम परिस्थितिको बावजुद पनि यो समृद्ध प्रदेश सुखी नागरिक बनाउनका लागि नै आज हामी यो सम्मानित सदनमा सहभागिता हुने र छलफल गर्ने अवसर पाइरहेका छौं, यस मानेमा म आभार प्रकट गर्दछु । सर्वप्रथम म कोभिड—१९ को यो विश्वव्यापी महामारीको चपेटामा परि आफ्नो ज्यान गुमाउनु हुने सम्पूर्ण

जनहरुमा म हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । र यो कोरोना भाइरसबाट संक्रमित भएका सम्पूर्ण संक्रमितहरुप्रति शिघ्र स्वास्थ्यलाभको कामना गर्दछु र यो कोरोना भाइरस विरुद्ध अग्रपंक्तिमा रहेर लडिरहने सम्पूर्ण स्वास्थ्यकर्मीहरु, जनप्रतिनिधिहरु, राष्ट्रसेवक कर्मचारीहरु र सम्पूर्ण नागरिकहरुप्रति म सम्मान प्रकट गर्दछु ।

एउटा नेपाली उखान भन्ने गरिन्थ्यो,– हुलमा जीउ जोगाउने, अनिकालमा बीउ जोगाउने तर यतिबेला यो विश्वव्यापी महामाहरीको चपेटामा हामी सम्पूर्ण परिरहेका छौं र सम्पूर्ण जनताहरुको जीउ जोगाउने कुरा हाम्रो पहिलो प्राथमिकतामा रहनु पर्छ । मैले सम्पूर्णमा यो आह्वान गर्न चाहन्छु । गण्डकी प्रदेश सरकारले पनि यस कुरालाई प्राथमिकतामा राखेर यो महामारीको दोस्रो लहरबाट जनजीवनको रक्षा गर्न र यसबाट हुन सक्ने क्षति र असरलाई कम गर्न यसको रोकथाम र नियन्त्रण र औषधी उपचार तथा सबै नागरिकलाई खोप उपलव्ध गराउने सम्बन्धी व्यवस्थालाई यो विनियोजन विधेयकमा प्राथमिकता साथ अगाडि बढाइरहेको छ । त्यति मात्र होइन, संघ प्रदेश र स्थानीय तहको समन्वयमा र अग्रसरतामा छिटै नै हामी आम जनताहरुलाई खोप लगाउने छौं भनेर सरकारहरु प्रतिवद्धता जनाइरहेका छन्, म शुभकामना व्यक्त गर्दछु। यो प्रदेशवासीका जनताहरुले छिटै नै खोप पाउने छन् । यो सिद्धान्त तथा प्राथमिकताले विगतका योजनाहरुलाई निरन्तरता दिने जुन प्राथमिकता राखेको छ, यो ज्यादै नै सह्राहनीय छ ।

संघीय लोकतान्त्रिक गणतन्त्र र नेपालको संविधान मौलिक हकलाई कार्यान्वयन गर्नको लागि विगत देखि सरकारले विभिन्न योजना, आयोजनाहरु अगाडि बढाइरहेको थियो र अहिले सम्मका उपलव्धिहरुलाई पनि अझै व्यवस्थित गरेर लैजानु पर्ने त्यो पक्कै पनि आवश्यकता थियो र त्यही आवश्यकता अनुसार सरकारले आफ्ना योजनाहरुलाई प्राथमिकता दिएको छ ।

हामी यी कुराहरुलाई संरक्षण गर्न तर्फ हाम्रो संविधान र संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र यसको उपलव्धि तर्फ सबै लाग्नुपर्छ । मलाई लाग्छ, र गरीबी

घटाउने, सिमान्तकृत विपन्न वर्गहरुको आवास बनाउने देखि लिएर जीवन रक्षा कोष महत्वका साथ ल्याएको छ र सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकारलाई थप सुनिश्चित गर्न एयरलिफ्टीङ जस्ता कुराहरुलाई अगाडि बढाइरहेको छ । अधिकार सँगसँगै आर्थिक सशक्तिकरणका साथ आयमूलका कार्यक्रमलाई पनि यसले प्राथमिकतासाथ ल्याएको छ । अझै सशक्त बनाउनु पर्छ । यहाँ मैले सुन्ने गरेको छु सरकार प्रति धेरै प्रश्नहरु आएका छन् । मलाई लाग्छ फलेको हांगोमा ढुंगा नहानेको कहाँ छ र फलेकै हाँगोमा ढुंगा हान्छन् र विकास निर्माण गर्ने भनेकै प्रदेश सरकारले हो त्यसैले आम जनताको अपेक्षा प्रदेश सरकारप्रति छ र उनीहरुले धेरै अपेक्षा गर्नु यो स्वभाविक नै हो ।

मलाई लाग्छ, अझै शिक्षा र स्वास्थ्यलाई सर्वशुलभ र निःशुल्क बनाउने यो योजना प्राथमिकतामा राख्नुपर्छ र आगामी दिनमा पनि सरकारले यसै अनुरुप अगाडि बढ्ने छ । मेरो सुझाव राख्दै यो विनियोजन विधेयक सिद्धान्त र प्राथमिकताको २०७८ मेरो पार्टी र मेरो तर्फबाट पूर्ण समर्थन रहेको जनाउँदै विदा हुन्छु धन्यवाद।

**माननीय सभामुखः**

माननीय सदस्य श्री विष्णु प्रसाद लामिछानेलाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय सदस्य श्री चन्द्र बहादुर बुढा ।

**माननीय विष्णु प्रसाद लामिछाने**

माननीय सभामुख महोदय, यतिबेला मुलुक कोरोनाको कारणले अक्रान्त बनेको छ । हामीले हाम्रा धेरै आमाबुवा, दाजुभाइ, दिदीबहिनीहरुलाई गुमाइसकेका छौं । र कति अहिले पनि अस्पतालको बेडमा छटपटाइरहनु भएको छ र कति कोरोनालाई जितेर घर फर्किनु पनि भएको छ । म यस विषम परिस्थितिमा कोरोनाकै कारणले मृत्युवरणमा पुग्नु हुने आदरणीय आमाबुवा, दाजुभाई, तथा दिदीबहिनीहरुमा श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । परिवारलाई हार्दिक समवेदना । अस्पतालमा छटपटाइरहनु सबै संक्रमित व्यक्तित्वहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्न चाहान्छु । जो कोरोना जितेर

फर्किनुभएको छ, उहाँहरुले एउटा जीत जित्नु भएको छ, बधाई दिन चाहन्छु र फर्किंदै गर्दा पनि त्यो बिचमा एउटा अनुभव उहाँहरुले प्राप्त गर्नुभएको छ उहाँहरुको त्यो अनुभवले अन्य संक्रमितहरुलाई सहयोग पुग्न सक्छ त्यो अनुभव शेयर गरेर अरुलाई अझै हौसला थप्नको लागि पनि म हार्दिक अनुरोध गर्न चाहन्छु ।

सभामुख महोदय, हाम्रो हातमा माननीय अर्थमन्त्री किरण गुरुङद्वारा प्रस्तुत सिद्धान्त र प्राथमिकता २०७८ छ । यो पुस्तक मेरो हातमा पर्दै गर्दा र यहाँ आएर आफ्ना कुराहरु राख्दै गर्दा गण्डकी प्रदेशका ती जनतालाई .मैले सम्झिराखेको छु, जुन जनताले संघीयताको माध्यमबाट, प्रदेश सरकारको माध्यमबाट यो प्रदेशको समृद्धि होस्, यो प्रदेशमा सुशासन कायम होस् अनि यो प्रदेशको जनताले साँच्चै नै हामी एउटा राम्रो प्रदेश, नमुना प्रदेशको जनता भनेर गौरव गर्ने परिस्थितिको कल्पना गरेका थिए । जुन जनताले मुलुकमा भएका विकृतिहरुका अन्त्य गर्नको लागि कतै स्थायी प्रकारको सरकार दियो भने, बहुमतको सरकार दियो भने त्यसले स्थायीत्व प्राप्त गर्छ कि, त्यसले समृद्धितिर फड्को मार्छ कि भनेर झण्डै झण्डै दुई तिहाई मत दिने ती जनतालाई सम्झिराखेको छु, जसको सपना यतिबेला चकनाचुर भएको छ, यति मात्रै होइन मलाई लाग्छ, ती जनता जसले त्यो एउटा पवित्र मतलाई आफ्नो कर्तव्य ठानेर भोट हाले र सरकार बनाउनको लागि सहयोग गरे । मलाई लाग्छ यतिबेला ती जनताले हामीलाई नियाँलिराखेका छन्, मैले उनीहरुलाई सम्मानपूर्वक सम्झिराखेको छु, जुन सोचका साथ झण्डै झण्डै २ तिहाइको मत दिएर सरकारमा पठाए अहिले त्यो अवस्था छैन । २ तिहाईको सरकार अहिले अल्पमतको सरकार को रुपमा चलिरहेको छ । मलाई यहाँबाट बोलिरहँदा म आफै अलमलमा छु, कहाँबाट मैले बोल्न शुरु गर्न पर्ने हो ।

हामीले धेरै छलफलमा सहभागिता जनाइसकेका छौं । वास्तवमा कही न कहीं नमिठो सत्तापक्षको माननीयज्यूहरुलाई कस्तो लागेको छ मलाई थाहा छैन । म आफू प्रतिपक्षकै एउटा सांसद हुँदै गर्दा, प्रतिपक्षको एउटा सदस्य हुँदै गर्दा मलाई कता कता नमिठो लागिरहेको छ । अहिलेको हाम्रो अवस्था अत्यन्त अन्योलपूर्ण अवस्था छ ।

दुई तिहाइको सरकार अल्पमतमा झरेको छ । परिस्थिति यस्तो छ, बजेट ल्याउने बेला भएको छ, सरकारले आफ्नो बैधानिकता म वैध छु है भनेर आफूलाई प्रमाणित गर्न वास्ता गर्दैन । होला मलाई थाहा छ, ३० दिन. समय पाउँछ, ३० दिन भित्र हामीले किन विश्वासको मत लिईनस् भनेर प्रश्न उठाइरहन पाउने अधिकार पनि छैन । तर कहिलेकाहीँ के हुन्छ त भन्दा, परिस्थिति अनुसार पनि हुन्छ । सामान्य परिस्थिति भएको भए, आजभन्दा २ महिना अगाडिको परिस्थिति भएको भए, ४ महिना अगाडिको परिस्थिति भएको भए हामीले यो भन्नु पर्ने परिस्थिति थिएन, सामान्य परिस्थिति भएको भए यो भन्नुपर्ने स्थिति थिएन, हरेक कामको महत्व समयमा हुन्छ । हामी बजेट ल्याउदैछौं, १ गते बजेट ल्याउनै पर्छ,, अहिले पनि त्यो बजेट यहाँ आएर पास गर्ने कसले हो भन्ने परिस्थिति छ । त्यसैले जुन परिस्थिति अहिले सिर्जना भएको छ, यो परिस्थिति अन्यौलपूर्ण छ ।

म भए ठिक र म नभए बेठिक भन्ने जुन परिस्थिति छ, यसले हामीलाई भावि पुस्तालाई के संस्कार सिकाउँदैछौं ? हामीले कस्तो नजिर बसाल्दै प्रदेशमा भन्ने कुरा महत्वपूर्ण कुरा पनि हुन्छ । कहीँ न कहीँ नैतिकता भन्ने कुराहरु पनि हुन्छ राजनीतिमा, र व्यक्तिगत छवि पनि हुन्छ । म पटीको सबै कुरा होइन, तर एउटा व्यक्ति हो, पहिला मेरो व्यक्ति ठूलो हो त्यसपछि अरु धेरै कुराहरु होलान् । जीवनको सत्ता त कति बेला ढल्ने हो थाहा छैन भनेपछि त्यो राज्यसत्ता केही समयको लागि प्राप्त सत्तामा धेरै लोलुपता भएर बसिरहनु जरुरी छैन । मैले गर्न सके सक्छु अरु कोही छैन भन्ने जुन संस्कारको विकास छ, त्यो संस्कार गलत छ । भौतिक विकास मात्रै विकास होइन, सभामुख महोदय । हामीले संस्कारका विकास पनि गर्नु पर्छ ।

हामीलाई हेरेर राजनीति गर्नेहरुलाई हामीले सिकाउँछौ भनेर त्यतातिर पनि ध्यान दिनु पर्छ कि पर्दैन ? जे हो म हो, अरु कोही छैन, म भएन भने ध्वस्तै हुन्छ, संसारै ध्वस्तै हुन्छ भन्ने कुरा ठिक होइन भन्ने मलाई लाग्छ । त्यसैले जे हो मार्ग प्रशस्ताका कुराहरु छन्, यो समयमा नै हामीहरुले त्यसलाई जो भए पनि गर्ने परिस्थिति सिर्जना गर्न सकियो

भने हुन्छ भन्दै म  मात्रै जान्ने हुँ भन्नु हुन्न है मान्छे अहंकारी बन्नु हुन्न है म मात्रै जान्ने छु भन्नु हुन्न है मान्छे अहंकारी बन्नु हुन्न है हामीजस्ता जान्ने बुझ्ने हजार हुन सक्छन् एक दुई मात्रै छन् भनेर गन्नु हुन्न है । धन्यवाद । जय नेपाल ।

**माननीय सभामुख**

माननीय सदस्य श्री चन्द्र बहादुर बुढालाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय सदस्य श्री जनकलाल श्रेष्ठ ।

**माननीय बहादुर बुढा**

माननीय सभामुख महोदय, हामी गण्डकी प्रदेशको यो आठौं अधिवेशनमा छौं । म सर्वप्रथम त यतिबेलाको सन्दर्भमा देशमा विद्यमान महामारीबाट मृत्युवरण गर्नुहुने सबै महानुभावहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्ति  गर्न चाहन्छु । परिवारजनहरुमा समवेदना व्यक्त गर्न चाहन्छु । यो महामारीबाट संक्रमित भएर हस्पिटलको शैयामा उपचारार्थ गराइरहनु भएको छ म उहाँप्रति पनि  शिघ्र स्वास्थ्य लाभको पनि कामना व्यक्त गर्न चाहन्छु । यो संकटको घडीमा पनि अग्रमोर्चामा रहेर काम गर्नु सबै क्षेत्रका योद्धाहरु प्रति सम्मान गर्न चाहन्छु । दोस्रो कुरा यतिबेला हामी विषमपरिस्थितिमा  छौं । परिस्थितिगत हिसाबले हेर्यौं  भने सायद यो कहालीलाग्दो छ । एकातिर यो कोरोना महामारी यो भयावह स्थिति, विद्यमान यो मानवीय संकट, आर्थिक संकट यसले मुलुक चाँहि जर्जर भएको अवस्था छ । अर्कोतिर हेर्यो भने कता कता अलि नमिठो लाग्ने देशमा राजनैतिक र संवैधानिक संकटहरु पनि देखा परिरहेको छ । यो राजनैतिक र संवैधानिक संकटको बिचबाट केही केही अतिबादहरु देखा पर्न खोजिरहेका छन् ।

त्यसमा एउटा खालको अराजकता र एउटा खालको लुटतन्त्र मुखरित हुन खोजिरहेका छ यो चिन्ताको विषय हो । त्यसकारणले आज यतिबेला राष्ट्रको लागि एउटा चिन्ताको विषय बनेको छ । बुढी मरी भनेर भन्दा पनि काल पल्क्यो भन्ने चिन्ताले आज नागरिकमा एउटा सन्त्रास पैदा भइरहेको छ । यो विषम परिस्थितिमा हामी कसरी अगाडि बढ्न सक्छौ त ? शायद यो.सम्मानीत सदनमा हामी माननीय हुनुको

नाताले, जनप्रतिनिधि हुनुको नाताले हाम्रा वहसहरुलाई अलि केन्द्रित विना पूर्वाग्रहीले हुनु पर्ने थियो, शायद त्यो हुन सकिरहेको छैन, यो चिन्तको विषय हो र यसो हेरिरहँदा खेरी हामी यो ठाउँमा किन आइपुग्यौ त ? राष्ट्र जनता राष्ट्रियता अथवा यो लोकतन्त्रप्रति अहिले हामीले जान अन्जानमा अथवा कही न कहीं स्वार्थप्रेरित भएर अलि भद्वा मजाक किन गरिरहेका छौं ? यो अलि चिन्ताको विषय हो ।

हामी शायद जनप्रतिनिधि हुनाको नाताले, संघीयताको प्रारम्भिक चरणमा यो प्रदेश स्थापना गयौं हामी यो प्रदेशको संस्थापक हौं, प्रदेशको संस्थापक पनि हौं, पहरेदार पनि हौं । यसो भनिरहँदाखेरी हाम्रो अभिभारको हिसावले के हुन सक्त त ? के हामी साँच्चै अब फरक ढंगबाट सोच्ने हो या हामीले सही ढंगबाट हाम्रो अधिकारहरु सुनिश्चित गर्ने कुरामा पहल गर्ने हो ? हाम्रो. संविधान, हाम्रो गणतन्त्रलाई संस्थागत गर्ने तिर हाम्रो पहल गर्ने हो । यो अलि गम्भिर विषय हो । यहाँ सोच्नु पर्छ जस्तो लाग्छ । सायद हामीले कतै न कतै हामीले देख्छौं विश्वमा त्यो अतिवादले अर्को अतिमा लगेर अन्त्य गरेको इतिहास पनि छ । नेपालको सन्दर्भमा त्यो देखा पर्न खोजि राखेको छ । यसको अन्त्य गर्ने, यसको समाधान गर्ने कुरामा तपाईंहरुको पहल हुनपर्छ भन्ने कुरा म यस सन्दर्भमा राख्न चाहन्छु ।

अर्को कुरा हामी यसो भनिरहँदा क्वेसनहरु छन् हाम्रा सम्मानीत संस्थाहरु प्रति क्वेसनहरु छन् । राष्ट्रपतिदेखि लिएर सरकार, राजनीतिक दल, संविधान, ऐन, कानुनहरुको हाम्रा अदालतहरु प्रति पनि क्वेसनहरु छन् । हाम्रा प्रणालीप्रति पनि क्वेसन यहाँ पनि उठिराखेका छन् । यो ठाउँ किन चाँहि हामीले लिइराखेका छौं ? प्रणाली प्रति हामी क्वेसन उठाइरहँदा खेरी हामी कहाँ पुग्दैछौं ? यो गम्भीर विषय हो। यो स्थितिबाट गुज्रदै गर्दा खेरी हाम्रा माननीय अर्थमन्त्रीज्यूले यो विनियोजन विधेयक—२०७८ को सिद्धान्त र प्राथमिकता जो सदनमा पेस गर्नुभएको छ । मैले के भन्न चाहान्छु भने यसको अन्तरवस्तुतिर म जान चाहिन, पहिलो कुरा त यसको थोरै सरकारको पृष्ठभूमिको हिसाबले अल्पमतमा हुनुहुन्छ । यसको विश्वासको मत लिने कुरा होला, मुख्य कुरा

संविधान, ऐन, कानून नियम हाम्रो नियमावलीले व्यवस्था गर्या छ। यो प्रकृयामा होला म मान्छु तर हाम्रो मनसाय के हो ? मुख्य कुरा यहाँ हो ।

हाम्रो इन्टेनशन के हो ? मुख्य कुरा यहाँ हो । यतातिर हामीले ध्यान दिन जरुरी छ । यसो भनी रहँदा खेरी दोश्रो कुरा हामीले विगतका वर्षहरुमा पनि यस्ता छलपmल चलाएका हौं । हामीले सिद्धान्त प्राथमिकताका कुरा, नीति कार्यक्रम र बजेटका कुराहरु ग¥यौं । गर्दै गर्दाखेरी हामीले अलि नमिठो ढंगबाट अथवा विगत पनि हामीले छलपmल गर्ने विषय के भने विषय कहाँनिर अल्झिरहेको छ त ? हामीले गम्भिरतापूर्वक उठाएका थियौ । र अहिले पनि यसो हेर्दाखेरी मलाई अलि चिन्ता लागिरहेको छ । हामी कुन फेलोसिपबाट हामी अगाडि बढ्न खोजिरहेका छौ ? हामीले एउटा सिद्धान्तमा संविधानले निर्दिष्ट गरेको समाजवाद उन्मुख अर्थतन्त्र निर्माणको कुरालाई हामीले नजर अन्दाज गरेका छौं । हामीले परिवर्तनका सम्बाहक योद्धालाई नजर अन्दाज ग¥र्या छौं र अहिले प्राथमिकताको विषयमा यो कोरोना महामारीको सन्दर्भ छ, हाम्रो सिकाइहरुको अनुभूति के हो ? हाम्रो शिक्षा के हो ? विगतको सन्दर्भमा पनि हामीले यही कुरा उल्लेख गरेका थियौं, हामीले धेरै कुरा गरेका छौं ।

नगरेको भन्ने होइन, हामीले जिल्ला हस्पिटललाई व्यवस्थित गर्ने कुरा, स्वास्थ्य उपकरण सामाग्रीहरु व्यवस्थित गर्ने कुरा ग¥र्या छौं, नगरेको भन्ने होइन तर धरातलीय यथार्थलाई हेर्दा खेरी समस्या कहाँनेर छ त ? हाम्रो नीतिमा समस्या छ, हाम्रो प्रणालीमा समस्या छ हाम्रो संरचनामा समस्या छ । यसो गर्दा राज्यको दायित्व हुन पर्दैनथ्यो ? यो एकवर्ष सम्म हामीले के ग¥यौं, यो महत्वपूर्ण कुरा हो । हामी अक्सिजन पाउन्नौ, बेड पाउन्नौं, नीजि र सरकारीमा ठूलो दरार छ । ७ लाख देखि २० लाखसम्म एउटा व्यक्तिले नीजि हस्पितलमा तिर्नुपर्ने वाध्यत्मक स्थिति छ । यो के हो स्थिति ? त्यसो गर्दा मेन कुरा दृष्टिकोण हो, विचार हो । हामीले केन्द्रदेखि यहाँसम्म हेर्दा खेरी इभन स्थानीय तह सम्म हेर्दा पनि स्थानीय सरकारले समेत दूर्भाग्य भन्नुपर्छ ८—१० वटा सिलिण्डर व्यवस्था गर्ने क्षमता राख्दैन । हामीले हाम्रो संरचनालाई कस्तो बनाउँदैछौं ?

त्यसो भएको हुनाले यो सबालमा सरकार गम्भिरता पूर्वक लिनुपर्छ र राज्यको दायित्व भित्र यो स्वास्थ्य क्षेत्रलाई लिनुपर्छ भन्दै म यस सन्दर्भमा राख्न चाहान्छु । अब यसो भनीरहँदा म अन्ततीर के भन्न चाहान्छु भने अब यो विषयभित्र जाँदा खेरी मैले धेरै सुझाबहरु राख्नु भन्दा पनि पहिलो कुरा हामी अलि बैधानिक हुने तिर सोचौं । सबैको सहकार्य र सहमति गर्ने बाटो रोजौं, यसले निश्चित रुपमा हामीलाई सहयोग गर्छ भन्ने अपेक्षा राख्दै आफ्नो भनाई अन्त्य गर्छु, धन्यवाद ।

**माननीय सभामुखः**

माननीय सदस्य श्री जनकलाल श्रेष्ठलाई छलफलमा भाग लिन समय दिन्छ, त्यसपछि माननीय सदस्य श्री प्रभा कोइराला ।

**माननीय जनकलाल श्रेष्ठ**

माननीय सभामुख महोदय, यो गरिमामय सदनमा माननीय अर्थ भूमि व्यवस्था कृषि सहकारी तथा गरीवि निवारण मन्त्री श्री किरण गुरुङज्यूले प्रदेश सभा समक्ष प्रस्तुत विनियोजन विधेयक २०७८ सिद्धान्त र प्राथमिकतामा जेठ १७ गते प्रस्तुत विनियोजन विधेयक गरिमामय सदनमा छलफलमा भाग लिंदै गर्दा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाका लागि ज्यान उत्सर्ग गर्ने सबै अग्रगामी ज्ञात अज्ञात अमर सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । यस्तै विश्वव्यापी महामारीको रुपमा देखा परेको कोभिड-१९ कोरोना भाइरसकव् दोश्रो लहरको चपेटामा परेर ज्यान गुमाउनुभएका श्रद्धय व्यक्तिहरु प्रति हार्दिक समवेदनाका साथै संक्रमितको स्वास्थ्यमा शिघ्र स्वास्थ्यलाभको कामना गर्दछु । महामारीका विरुद्ध अभियानमा खटिनु हुने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, राष्ट्र सेवक कर्मचारी, जनप्रतिनिधि, पत्रकार नागरिक समाज प्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहान्छु ।

सभामुख महोदय, म आफू के अलमलमा परेको छु भने यो सदन भनेको सभामुखको नेतृत्वमा संचालन हुने हो । यो कार्यव्यवस्था परामर्श समितिको निर्णय अनुसार कसरी कार्य संचालन गर्ने र कुन आधारमा जाने भन्ने कुरामा विशेष अधिकार भनेको सभामुख

प्रतिनै रहन्छ । यसकारण उहाँले यो प्रदेश सरकारको प्रतिवद्धता, आधारभूत सिद्धान्त र प्रस्तुत बुँदाहरुमा छलफलको निमित्त हाउस फ्लोर अगाडि बढाईदिनु भयो अनि यो सरकार ल तपाईंहरु कार्यक्रम ल्याउनुस् छलफलमा जाने भनिसकेपछि अनि कोरा कार्ड लिएर आउने त यहाँ माननीयज्यूहरु ? यो सदनमा आउँदा खेरी नियमहरु लिएर आउनु परेन ? गर्ने लक्ष्यहरु के के छ लिएर आउनु परेन? अनि यहाँ के भनिन्छ भने कस्को मातहतमा हामी वैठक संचालन गरिरहेका छौं, अन्दाज नगरिकन यहाँका चाँहि सत्तापक्षका मन्त्रीहरुले आफ्नै तरिकाले फेलेर ल्याएजस्तो भावना यहाँ माननीयले सुन्नु परेको छ । किनभने जब छलफलमा भागै गरेर दिनुपर्ने हो भने त कार्यक्रम त ल्याउनु पर्ने हो नि त ।

कार्यक्रम किनभने सरकार रहन पनि सक्छ नरहन पनि सक्छ तर साढे तीन वर्षसम्म गरेको कार्यहरु कसरी संचालन गरेका छौं भन्ने कुरा त पूर्वानुमान गर्न सक्छौ नि त । के त्यसो भए नयाँ सरकार बन्दैमा यी जुन गरेका काम कामहरु, गर्ने लक्ष्यहरु सबै भताभुङ्ग हुन्छ त ? नयाँ प्रकृया शुरु हुन्छ ? फुमन्तरको वाचामा संचालन हुन्छ सबै ? अहिले आएको नियमहरु, प्रस्तावहरु छ त्यो केही काम लाग्दैन ? हिजो गरेको कामहरु केही उत्तरदायीत्व छैन ? केही निर्णयहरु दिनु पर्दैन ? अनि भन्नुहुन्छ साथीहरुले गर्नाका साथ हामीलाई छलफलमा बोल्नै मन लागेको छैन, हो यही कुरा के भनेदेखि विधायन समितिमा यही कुरा राखिदिएको भए यो छलफल हुने नै थिएन । यस्ताका म के भन्न चाहन्छु भने यहाँ हाम्रो स्टाइलको कुरा सुन्न आइरहेको छ । सदनमा बजेट भाषण हुन्छ अनि वृद्धा भत्ता असहायका निम्ति ४ हजार भनिए हुन्छ । अनि हाउसमा के भनिन्छ भने ऋणको भारी बोकाएर, हाम्रा छोरालाई भारी भोकाएर यो चाहिन्न हामीलाई भनेर वृद्धले भन्नुभाछ भनेर । यही हाउसबाट भनिन्छ ।

जहाँकी हाम्रो चुनाबको प्रतिवद्धता हामीसँग के छ, कि हामी ५ वर्षमा ५ हजार पु¥याउँछौ भनेर हामीले प्रतिवद्धता जाहेर गरेका छौं । आज दुरदराजमा बस्ने बुवा आमाहरु, आमाको चोलो च्यातिएर बसेको छ, जसको आमाले विरामी हुँदा सिटामल खान

पाएका छैनन् भनिएको छ, नाति पनातिहरुले, छोरा बुहारीहरुले नहेर्दाखेरी यो वृद्धभत्ता दिने अवस्था गराइदिएको छ । म प्रथम प्रधानमन्त्री मनमोहन अधिकारीलाई मनन गर्न चाहान्छु । त्यो बेला पनि, साथीहरु सम्झनुस् जब १०० रुपैयाको दरमा वृद्धहरुलाई सम्मान गर्ने भनेर बोल्दाखेरी हाम्रै साथि भाईहरु भन्नु भएको थियो, कनिका छरेझैं छर्न पाइदैन हामीले जम्मा गरेको ढुकुटी भनेर भाषण त गरेकै हो, हामीले सुनेकै हो, त्यो बेला के भन्थे, कम्युनिष्ट आए भने ६० वर्षमा गोली हान्छ पनि भनेकै हो । त्यसको निमित्त जवापm दिनु भा थ्यो कम्यूनिष्ट प्रधानमन्त्रिज्यूले । गोली होइन हामी सम्मान गर्छौ भनेर दिएको । त्यही भन्ने साथिहरु प्रधानमन्त्री बन्नुभयो, कसले काट्ने हिम्मत गर्नुभयो ? काट्नुभयो कसैले ? कनिका छरेझैं भन्ने साथिहरुले यो काट्नु भयो ?

काट्नु भएन, त्यति मात्रै होइन, डा. बाबुराम भट्टराइ प्रधानमन्त्री हुँदा १००० रुपैयाँ पुर्याइदिनु भयो खोई आँट काट्न ? जुन साथि बोल्नु भाछ, सरकारमा पुगेपछि आँट छ त्यो काट्ने ? सक्नुहुन्छ जनतामा गएर तपाई लाई सम्मान गरेको बेकार भयो यो सरकारले भनेको कुरा भन्न सक्नुहुन्छ ? त्यसकारण साथीहरु, अलि सम्यम भएर बोलौं साथीहरु ।

किनभने त्यो बेलाको नेकपा एमाले माओवादी केन्द्रको समेत प्रतिवद्धता के थियो भने हामी ५ वर्षमा ५ हजार दिन्छौं भनेर कबोल ग¥या थियौं । हेर्न जानुस यदि चाहानुहुन्छ भने म भोलि ल्याएर दिन्छु, हामी बोलेको प्रतिवद्धता के के गरेका थियौं ? आजसम्म कति काम भए, कति गर्न बाँकी छ, भन्ने कुरा सब लिष्ट हामीसँग छ । केही साथि चाहानुहुन्छ भने म दिन तयार छु ।

अनि म भन्छु, अब आइसकेपछि, कार्यक्रम ल्याइसकेपछि समर्थनमा नबोल्ने, नगर्ने, अनि गर्दै नगरेर बस्ने ? मैले त अघि नै भने नी हामी सब मिलेर बसेका थियौं भनेर । मैले यो र उ भन्ने पक्षमा पनि छैन । हामी अब अरु भन्दापनि सबै मिलेर यो गण्डकी प्रदेशलाई अगाडी बढाऔं । तँ तँ र म म भन्दा पनि हामीले एक मतका रुपमा चाँहि अगाडी बढाउनका निमित्त एकमुष्ट होउँ भन्दै आफ्ना भनाई टुङ्ग्याउँछु, धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य, श्री प्रभा कोइरालालाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय सदस्य श्री मन कुमारी गुरुङ्ग ।

**माननीय मन कुमारी गुरुङ्गः**

माननीय सभामुख महोदय, आज हामी गण्डकी प्रदेशका माननीय अर्थ, योजना, कृषि, भूमि र सहकारी मन्त्री माननीय किरण गुरुङज्यूद्वारा प्रस्तुत विनियोजन विधेयक २०७८÷०७९ का प्राथमिकता र सिद्धान्तमा छलफलका क्रममा जुटिरहेका छौं । सर्वप्रथम त म यो अप्ठ्यारो परिस्थितिमा पनि मेहेनत गरेर आफ्नो दैनिकी कार्यक्रमलाई अगाडि बढाउनु पर्छ भन्ने मान्यताका साथ सरकारलाई सुचारु अवस्थामा रहिरहनु पर्छ भन्ने मान्यताका साथ यो विनियोजन विधेयक सिद्धान्त र प्राथमिकता माथि छलफल गर्ने एउटा वातावरण सिर्जना गर्नु भएको छ यसर्थ म हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु।

यतिबेला विश्व कोरोनाको महामारीको भूमरिमा परिरहेको परेको छ । यो कोरोनाको कारण नेपालमा र स्वदेश तथा विदेशमा मृत्युवरण गर्नुहुने सम्पूर्णमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु र परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछु र कोरोना महामारिको कारण हस्पिटलको वेडमा, होम आइसोलेसनमा छट्पटाइरहनु भएका सम्पूर्ण बिरामी स्वयं गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री लगायत सम्पूर्णमा शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु र सरकारलाई आउँदा दिनहरुमा कोरोना मात्रै होइन त्रसादीपूर्ण वातावरणमा आउने यस्ता प्रकारका भाइरस हरेक प्रकारका आउँदै छन्, आउँछन् यी सबैको व्यवस्थापनको लागि एकदमै व्यवस्थित ढंगले अगाडि बढ्नु पर्छ भनेर सरकारले बजेटिङ्ग पनि गर्ने योजना बनाइरहेको छ ।

यो योजना सम्पन्न गराउनको लागि म लगायत सबैले साथ दिनु पर्छ भन्ने कुरा पनि राख्न चाहन्छु र सो सँगै प्राइभेट.हस्पिटलहरुलाई, प्रत्येक हस्पिटलहरुलाई कम्तीमा

पनि दश बेड भैपरी आउने बिरामीहरुको लागि कोभिड जस्तै भैपरिआउने विरामीहरुका लागि दश वेड छुटयाउनु पर्छ भनेर पनि सरकारले आदेश गर्नु पर्छ भन्ने पनि म सुझाव राख्न चाहन्छु । यही सिलसिलामा युद्धस्तरमा लाग्ने सबै स्वास्थ्यकर्मीहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु । सुरक्षाकर्मीहरु, सञ्चारकर्मीहरु र स्थानीय तहमा रहेर जनताको नजिकै रहेर काम गर्ने, सेवा गर्ने सबै जनप्रतिनिधीहरु, सामाजिक व्यक्तित्वहरुमा पनि म सम्मान व्यक्त गर्न चाहन्छु र सबै लाई विनम्रताका साथ अनुरोध के गर्न चाहान्छु भने ध्ज्इ ले ल्याएको मान्यता, सरकारले ल्याएको मान्यतालाई अनुशासनपूर्वक पालना गरौं। त्यसो गर्न सकियो भने यो महामारीलाई सरकार एक्लैले मात्र, सरकार एक्लैले मात्रै पनि महामारीलाई थेग्न सक्दैन । सम्पूर्ण साधारण भन्दा साधारण जनताले पनि यो समस्यालाई समाधान गर्नका लागि सरकारलाई साथ दिनुपर्छ भन्ने कुरा राख्न चाहान्छु र मलाई के लाग्यो भने हरेक प्रकारका अप्ठ्यारा परिस्थितिहरु आउँछन् सरकारका कारणले आउँदैनन् ।

सरकारका कारणले नआउने भएका हुनाले, अपभर्mट आउने भएका हुनाले सरकार त लागेको छ, लागेको छ, मलाई के लाग्छ भने यो देशमा भएका सबैथरी राजनैतिक पार्टीहरले पनि आफ्नो भूमिका यी विषयहरुलाई परास्त गर्नको लागि आपm्नो भूमिका के गर्यौं भनेर पनि भूमिका देखाउन पर्ने आवश्यकता छ । मैले यो भूमिका देख्न चाइरहेको छु । यानकी सरकारलाई धारेहात लगाएर गाली मात्रै गरेर यो समस्या समाधान हुने वाला छैन । प्रतिपक्षहरुले प्रतिपक्षको बेन्चमा रहेर सबै साथिहरुले औंला ठडयाएर सरकारलाई धारे हात लगाउँदै गर्दा तपाईंहरुले पनि के कति गर्नु भयो भन्ने विषय पनि ल्याउनु पर्छ भन्ने कुरा पनि मैले जान्न चाहान्छु ।

सभामुख महोदय र यसैगरी नेपालको संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि नेपाली जनताले गरेको लामो गौरभपूर्ण ऐतिहाँसिक आन्दोलन, पहाड देखि मधेस सम्मका सबै प्रकारका आन्दोलनमा आफ्नो जीवन उत्सर्ग गर्ने सबै ज्ञात अज्ञात सहिदहरुप्रति पनि हार्दिक सम्मान गर्न चाहन्छु । भाइते र वेपत्ताहरु प्रति पनि उच्च

सम्मान गर्दछु । वेपत्ता, घाइँते, योद्धा, पीडीत परिवारलाई उच्च सम्मान गर्दछु । नेपालमा युगान्तकारी परिवर्तनका लागि अगुवाई गर्नु हुने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च सम्मान सहित स्मरण गर्न चाहन्छु ।

सभामुख महोदय, यतिबेला हामी सत्य र तथ्यको बिचमा हाम्रा आन्दोलनको उपलव्धि, सरकारको कामका प्रतिफल, लेखाजोखा मात्र गरिरहेका छैनौं, जनताका दैनिकीका सवलालहरुमा समायोचित र यथोचित जवाफहरु पनि प्रदेश सरकारको कर्म र कार्यबाट दिइरहेको छ । गौरवपूर्ण इतिहासका गीत गाएर सुन्दर भविष्यमा डढेलो सल्काउने कार्य हामी, कोही र कसैबाट पनि हुनु हुँदैन भन्ने मैले महसुस गरेकी छु र यो विषयमा हामी दृढ संकल्प पनि हुनु पर्दछ ।

गण्डकी प्रदेश र तिनका सपना पूरा गर्ने कार्यमा अविचलित रुपमा लागिरहेको प्रदेश सरकारलाई चक्रव्यूहमा पार्न खोज्ने कुराले, म विद्यार्थी हुँदा सुनेको सतीले सरापेको भूगोल, अहिले मैले सम्झिरहेको छु ।

सभामुख महोदय, हामी सत्तामा हुँदा र नहुँदा, पद पाउँदा र पद नपाउँदा बोलिने भाषा र गरिने व्यवहारहरु मलाई  लाग्छ निरपेक्ष हुनुपर्छ । जनता प्रति गरिने विश्वासघात कुनै पनि तर्कमा प्रमाणित हुन सक्दैन । शक्तिका स्रोत जनता हुन्, जनताको निर्णयलाई चुनौति दिन सकिदैन, जनता महान् छन् । रिस, इश्र्या, अरिस्या, कुण्ठा, आग्रह पूर्वाग्रहका कारण राजनीति दुषित बनाइएको छ ।

राजनीति जसरी पनि सत्तामा पुग्ने खुड्किलो मात्रै बनाउन खोज्नु निकै दुःखद पक्ष कुरा हो । संवैधानिक व्यवस्था अनुसार गण्डकी प्रदेशका जनताको फैसला बमोजिम नै गण्डकी प्रदेशका मुख्य मन्त्री माननीय पृथ्वीसुब्बा गुरुङको नेतृत्वको सरकारले प्रदेशको समग्र क्षेत्रको विकासमा उल्लेखनीय भूमिका खेलेको कुरा दिनको घामझैं छर्लङ्ग छ ।

माननीय सभामुख महोदय, संघीयताको मर्म बमोजिम नेपालको संविधानको सहज कार्यान्वयन गरी प्रदेशको समग्र विकास र समृद्ध तर्फ प्रयत्न भइरहँदा पनि देशमा स्थिरता

नचाहने विकास विरोधी तत्वहरुको अराजनीतिक चलखेलको छायाका कारण हिजो सम्म सहकार्य गरेका एउटै घोषणा पत्र, एउटै चुनाव चिन्ह लिएर निर्वाचनमा गएका दलहरुको अस्थिर मनस्थितिका कारण आज यो स्थितिमा पुग्न परेको छ र पनि यो स्थितिमै पनि गण्डकी प्रदेशको सरकार अर्थमन्त्रीको तर्फबाट यो विनियोजन विधयेक २०७८, सिद्धान्त र प्राथमिकता आइसकेको छ टेबुल गरिसक्नुभएको छ, मेरो दल र मेरो आफ्नो तर्फबाट यसमा सम्पूर्ण रुपमा समर्थन गर्दै मेरा आफ्नो भनाई अन्त गर्छु। धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री मनकुमारी गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय सदस्य श्री मन बहादुर गुरुङ ।

**माननीय मन कुमारी गुरुङ**

माननीय सभामुख महोदय, विश्वव्यापी रुपमा फैलिएको दोस्रो लहरको कोभिड–१९ जुन भाइरसबाट मृत्यू हुनुभएका सम्पूर्ण मृतक आत्माप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै मृतकका परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दै र संक्रमित व्यक्तिहरु प्रति शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु ।

सभामुख महोदय, आज अर्थमन्त्री किरण गुरुङद्वारा प्रस्तुत भएको विनियोजन विधेयक २०७८, सिद्धान्त र प्राथमिकता माथि आज यस सम्मानित सदनमा छलफल भइरहेको छ र म भन्न चाहन्छु कि, यो कितावमा हामीले के सुझाव दिने ? सर्व प्रथम त, तपाईं हामी सबै विधि र प्रकृयालाई अगाडि मानेर हामी यो संसदीय व्यवस्था अनुरुप अगाडि बढ्छौं भनेर जुन जनताको अगाडि कसम खाएर, जनताका हरेक मुद्दाहरुलाई वाचा, वन्धनको रुपमा लिएर हामी छातीमा हात राखेर यहाँ प्रवेश गरेका थियौं । हामीले तीन वर्षसम्म लगातार हामीले एउटा रचनात्मक प्रतिपक्षको भूमिका निभाएर धेरै सुझावहरु दियौं र जनताको त्यो चुनावमा जनतालाई वाचा वन्धन गरेको ती कुराहरु सबै पूरा गर्नु पर्छ भनेर सरकार पक्षले बिर्सदैं गर्दा हामीले धेरै कुराहरु उठायौं, र यो विगतको ३ वर्षको अभ्यासमा केही पनि अगाडि बढ्न सकेन ।

अहिले जुन अल्मतमा परेको सरकारले अब के गर्न सक्छ ? यो वैधानिकता नभएको सरकारले बजेट नै बाँड्न पाउँदैन भने यो ल्याएको के अर्थ ? त्यसैकारणले यो माथि म कमेन्ट गर्न चाहँदिन र प्रश्न गर्न चाहन्छु कि तपाईंहरुको यो सत्तापक्षको माननीयहरुले बोल्दै गर्दाखेरी तपाईंहरुले जुन यहाँ उभिएर खाएका कसमहरु सबै बिर्सिएर एउटा सत्ता पक्षको वकालत गर्नुभयो, हामीले धेरै कामहरु गर्यौं भनेर अनि एउटा एनजीयोले जस्तो युवा र महिलालाई प्रशिक्षण गरेको कार्यक्रम जस्तो, त्यस्ता सानो सानो कार्यक्रमहरुलाई हामीले यो ग¥यौं त्यो ग¥यौं भनेर बढाइ चढाइ गरेर यसलाई बढावा दिएर बोल्नुभयो, त्यो तपाईंको नैतिकताभित्र पर्दैन, किनभने यो ३ वर्षमा के पूरा गर्नुभयो त ? हामीले कुरा उठाएका थियौं, सबैलाई रोजगारी, तपाईंहरुको यो पहिलो वर्षमा नै नीति तथा कार्यक्रम ल्याउने बेलामा जुन पञ्चवर्षिय योजनामा ःल्याएका कुराहरु के पूरा भयो त ?

कतिजना युवालाई रोजगार दिनुभयो ? कतिजना महिलालाई रोजगार दिनुभयो ? एउटा बजेट बाँड्दै गर्दाखेरी हामीले यति लाग्छ युवाको लागि चाँहि प्रशिक्षणको लागि छुट्यायौं भनेर सुख पाइन्छ र ? त्यो त एउटा एनजियोले गर्ने काम हो । त्यही कारणले कतिजना युवालाई जागिर दिनुभयो ? कतिजना महिलालाई जागिर दिनुभयो ? कति जना कृषकलाई बजार व्यवस्थापन गर्नुभयो र कति प्रतिशत कृषकको जीवनस्तर उकास्नको लागि यो सरकारले काम गरेहो थियो र हामीले विगतमा पहिलो वर्षको कोरोनाको लहर चल्दै गर्दाखेरी अब यो मुलुकमा अहिले धेरै भयाभव हुन सक्छ, धेरै मानवीय क्षति हुन सक्छ, हामी पूर्व तयारी हुनु पर्दछ भनेर हामीले धेरै कुरा उठाएका थियौं ।

हामीले हरेक हस्पिटलमा एउटा पिसीआर मेशिन चाहिन्छ भनेका थियौं, स्वास्थ्यकर्मी चाहिन्छ भनेको थियौं, धेरै कुराहरु रोजगारीको कुराहरुको व्यवस्थापन गर्नु पर्छ विदेशबाट आएकाहरुलाई भनेर हामीले भनेका थियौं । कुन कुराहरु पूरा गर्नु भयो त ? अहिले यो मुलुक अशिले अराजकतातिर धकेलिरहेको छ । एउटो आफ्नो काम, कर्तव्य सबै एकतातिर पन्छाएर, एउटा जालसाँचीको रुपमा यो मुलुक आज अगाडी

बढिरहेको छ । लुम्बिनीमा त्यस्तै भयो, घण्टा घण्टामा जालसाची गरेर, क्वाटरमा गएर शपथ ग्रहण गराइयो र त्यस्तै मध्यरातमा केन्द्रको हेर्ने हो भने मध्य रातमा विघटन गराएर जुन त्यहाँ एउटा प्रतिगमनतर्फ यो राष्ट्रलाई उन्मुख गरायो र त्यसको हावा कदापि गण्डकी प्रदेशमा नपरोस् भन्न चाहन्छु । एउटा लोकतन्त्रमा एउटा इमान्दारी हुनु पर्छ, । इमान्दारी यदि हुने हो भने यो सरकारले बहुमत, आफ्नो विश्वासको मत लिएर सबै कुराहरु प्रकृयागत रुपमा अगाडि बढाउनुपर्छ । कहाँनिर तपाईले त्यो अभ्यास गर्नुभयो ? म प्रश्न गर्न चाहन्छु ।

तपाईंहरुले यदि स्पष्ट रुपमा आफुले बहुमत प्राप्त गर्न नसक्ने, विश्वासको मत लिन नसक्ने भएपछि प्रतिपक्षलाई बोलाएर ल हाम्रो पुगेन ल अब तपाईंहरु अगाडि बढ्नोस्, हामी यसमा तपाईंहरुलाई सहयोग गर्न अगाडि बढ्छौं भनेर कम्मर कसेर, एउटा टेबलमा बोलाएर, सल्लाह गरेर अगाडि बढ्नु पर्थ्यो त्यो हो लोकतन्त्रको एउटा सुन्दर पक्ष । सबै कुराहरुलाई बिर्सेर, सबै जनताको मर्म र भावना संविधानको मर्म र भावना सबै कुरा बिर्सेर हिजो जनताले गरेको त्याग र बलिदानीहरु, हजारौं नारीहरुको सिंदुर पुछिए, हजारौ बच्चाहरु टुहुरा भए ती सबै कुराहरु, बलिदानहरु बिर्सिएर, अहिले को हुने, तँ हुने कि म हुने भनेर एउटा जालसाजीको राजनीतिलाई अगाडि बढाएर कदापि यो मुलुक चल्न सकदैन र हामीले गण्डकी प्रदेशलाई एउटा सुखी नेपाली र समृद्ध प्रदेश यो गण्डकी प्रदेश समृद्ध प्रदेश बनाउछौं भनेर हामी यहाँ प्रवेश गरेका थियौं, त्यो कदापि केही पनि हुन सकेन । तपाईंहरुलाई यदि इमान्दारीता छ भने अझै पनि बसेर अब हामीले विश्वासको मत लिन सकेनौं अब तपाईंहरुले नै बजेट ल्याउनुहोस् र तपाईंहरु नै अगाडि बढ्नोस् भनेर शुभकामना दिन सक्नु पर्थ्यो त्यो नै लोकतन्त्र हो ।

त्यसकारण पनि फेरी अझै पनि २८ गतेसम्म समय छ त्यो भन्दा अगाडि नै पक्कै पनि हामीले अपेक्षा गरेका छौं की सत्तापक्षबाट ती कुराहरु आउनेछन् भन्ने र अब जालसाजीको राजनीति अन्य लुम्बिनीमा र केन्द्रमा जस्तै जालसाँजीको राजनीतिलाई

पछाडि पारेर यो गण्डकी प्रदेश एउटा लोकतन्त्रलाई आत्मसात गरेर अगाडी बढ्नेछ भन्ने अपेक्षा गर्दै बिदा हुन्छु हस् धन्यवाद, जय नेपाल ।

**माननीय सभामुख**

अब म माननीय सदस्य श्री मन बहादुर गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु।

**माननीय मन बहादुर गुरुङ**

सभामुख महोदय, कोभिड—१९ का कारण मृत्यू हुनु हुने सम्पूर्ण दाजुभाइ, दिदीबहिहिरुमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । त्यस्तै बिरामी हुनुहुने सम्पूूर्णमा मेरो तर्फबाट स्वास्थ्य लाभको कामना र यो कोभिड १९ को बिरुद्धमा अग्रिम मोर्चामा खटिनुहुने सम्पूर्ण स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, कर्मचारी साथीहरुमा सबैसबैमा धन्यवाद दिन चाहन्छु। आज माननीय किरण गुरुङद्वारा विनियोजन विधेयक—२०७८, को सिद्धान्त र प्राथमिकतामा हामी छलफलमा सहभागी छौं । मलाई लाग्छ, यो छलफलमा यो विधेयक मैले सरसर्ती हेर्दा संविधानको भावना, मर्म अनुरुप भएको छ । यसले सहिदहरुलाई सम्मान गरेको छ र अहिले हामीलाई अत्यन्तै आवश्यक कोभिड—१९ लाई रोकथाम नियन्त्रण गर्ने कुरामा ध्यान केन्द्रित भएर यो विधेयक, यो सिद्धान्त र प्राथमिकता आएको छ भन्ने मलाई लाग्छ । यसको बुँदा १४ मा प्रदेशको सबै नागरिको लागि कोरोना भाइरस विरुद्ध खोप उपलव्ध गराउन नेपाल सरकारसँग समन्वय गरी प्रबन्ध गरिनेछ, कोभिड हस्पिटलहरुमा पर्याप्त अक्सिनको व्यवस्था गरिने छ भनेर महत्वपूर्ण कुरा उठाएको छ । यही हो सरकारले अहिले राम्रो गर्ने काम । बुँदा १६ मा कोभिडका कारण प्रभावित व्यवसायीहरुलाई जीवन्त दिन, संचालित व्यवसायीलाई जीवन रक्षा कोष कार्यक्रमलाई निरन्तरता दिएको छ साथै कोभिड—१९ का कारण सहारा गुमाएका परिवारलाई रोजगारी र बालबच्चालाई शिक्षादिक्षाको आवश्यक व्यवस्था गर्ने कार्यक्रम ल्याएको छ, अत्यन्तै महत्वपूर्ण कार्यक्रमहरु छ ।

त्यति मात्रै कहाँ हो र ? यो बुँदा २८ मा सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य अधिकारीलाई थप सुनिश्चित गर्न एयरलिफ्टिङ लगायतका कार्यक्रमलाई निरन्तरता दिएको

छ र यो सिद्धान्त र प्राथमिकतामा के उल्लेख गरिएको छ भने यो बुँदा ५ आगामि आर्थिक वर्ष २०७८/७९ लाई गण्डकी प्रदेश सरकारले गरेको समग्र कामहरुको प्रगति, समीक्षा, वर्षको रुपमा अगाडि बढाइनेछ, पूर्वाधार विकास उत्पादनमुखी र गरीबी निवारण कार्यक्रमहरुलाई जोड दिएको छ भनेर अत्यन्तै महत्वपूर्ण कार्यक्रमहरु आएको छ । त्यतिमात्र होइन, यो उत्पादनको कुरा, व्यवसायमैत्रीको कुरा, जेष्ठ नागरिकलाई सम्मान गर्ने कुरा, अपाङ्ग, हिंसापीडित एवं वेवारिसे बालबालिका, महिलाहरुको कुराहरुलाई पूर्ण रुपमा समेटेर सिद्धान्त र विनियोजन विधेयक आएको छ ।

त्यसकारण यो सरकारलाई असाध्यै राम्रो कार्यक्रम ल्याएकोमा म यो कार्यक्रम ल्याउनु हुने मन्त्रीलाई र यो सरकारलाई धन्यवाद दिन चाहन्छु । शान्ति कुराको कुरा, विपद् व्यवस्थापनको कुरा साँच्चिकै रुपमा अब वर्षा आइसकेको छ । यो विपद् व्यवस्थापनको कुरालाई हामीले महत्वपूर्ण कार्यक्रममा ल्याउन सक्यौं भने सायद यो विपद् व्यवस्थापनलाई हामीले निराकरण गर्न सकिन्छ कि सुशासन र शासकीय स्वरुपको कुरा । त्यसकारणले सरकारलाई बधाई दिन चाहन्छु । मैले यो विनियोजन विधेयकमा सिद्धान्त र प्राथमिकतालाई यही कुरा राख्दै म केही कुराहरु राख्ने अनुमति चाहन्छु ।

**सभामुख महोदय**

यो विद्वान माननीयज्यूहरुबाट नैतिकताको कुरा बारम्बार उठाएको छ, २ दिन सम्म लगातार उठाउनु भएको छ । म यो नैतिकताको बारेमा, यो व्यवहारको बारेमा, यो इमान्दारीताको बारेमा प्रश्न उठाइदिनु हुने माननीयज्यूहरुलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु । यो अहिलेसम्म विज्ञानले यो नैतिकतालाई मापन गर्ने यन्त्र त मैले कतै पनि देखेको छैन तर नैतिकतालाई मापन गर्नेे यन्त्र भनेको त जनता नै हो जस्तो लाग्छ मलाई । हिजो ३ वर्षको अगाडि जनताको बिचमा गएर सबैभन्दा ठूलो दल भएर आएको यो मापन होइन ? यो नैतिकता होइन ? नैतिकता गर्ने मापन यन्त्र होइन यो ? यदी यो पनि भएन फेरी ५ वर्षमा हामी जनताको बिचमा जान खोज्दैछौं यही हो एकमात्र मापन भन्ने मलाई लाग्दछ । यदी यस्तो होइन हो भने म धेरै पछाडि जान चाहदैन

माननीयज्यूहरु । सभामुखज्यू, हामीले बैशाखको १३ गते विशेष अधिवेशन बोलाएको होइन ? के को लागि बोलाएको विशेष अधिवेशन माननीयज्यूहरु ?

अविश्वासको प्रस्तावमा छलफल गर्नको लागि होइन ? अविश्वासको प्रस्तावमा कार्यसूचीमा आइसकेको १५ गते मतदान हुने भनेर कार्यसूचीमा आइसकेको अविश्वास प्रस्तावमा मतदान गर्ने कार्यक्रमलाई एकाएक सत्ता पक्ष वा सरकारले सूचना टाँस गरेको हो ? के यसमा नैतिकता छ भने कार्य व्यवस्थामा बस्नेहरुले राजीनामा दिनु पर्दैन ? त्यो को कोले राजीनामा दिनुपर्दैन ? त्यसकारले वैधानिकताको कुरा जहाँसम्म वैधानिकताको कुरा उठाएको छ, वैधानिकता संविधानको धारा १६८ को उपधारा ४ बमोजिमको सरकार होइन यो ? यो सरकारले यस्तो खालको कार्य व्यवस्था वैठक बसेर जुन बोलाएको छ, विनियोजन विधेयकमाथि छलफल गर्ने कार्यक्रम ल्याएको छ यसलाई अवैधानिक भन्ने, यसलाई तपाईंको अल्पमतको सरकारले ल्याउन पाइँदैन भन्ने हो भने त फेरी हाम्रो संविधानमा कहिले ल्याउन खोजेको छ ? यो आषाढको १ गते हामीले बजेट ल्याउनु पर्ने हुन्छ ।

छलफल गरौं न, राम्रो कुरालाई अगाडि बढाऔं सरकारले, सरकार बनाउने कुरामा कसैले रोकथाम वैधानिक प्रक्रियाबाट जाँदा कसैलाई छेकवार गरेको छैन, जानुस् न, आउनुस् न विश्वासको मत लिन्छु भनेकै छ । आज १९ गते हो जेठको ३१ गते होइन आषाढको २ गते होइन, बैशाखको १९ गते हो त्यसकारण समय छ किन आत्तिनु भएको माननीयज्यूहरु ? छलफल गरौं न, अस्थिरता ननिम्त्याउने हो भने, प्रतिगमन तिर नधकल्नेहो भने, चुनावतिर जान दिन नचाहनेहो भने अनि छलफल गरौं न माननीयज्यूहरु । अन्तमा मैले के मात्र भन्न चाहन्छु भने हाम्रो समस्या भनेको कुनै पार्टी होइन, हाम्रो समस्या भनेको कुनै दल होइन, हाम्रो समस्या भनेको गरीबी हो, हाम्रो समस्या भनेको अहिले कोभिड १९ हो, यो कोभिड १९ लाई नियन्त्रण गर्नको निमित्त, रोकथाम गर्नको निमित्त, यो कोभिड १९ लाई परास्त गर्नको निमित्त हामी एकजुट हौं। यही पृथ्वी सुब्बा

मुख्यमन्त्री भएको सरकारलाई सहयोग गरौं, विश्वास गरौं अगाडी बढौं, आउनुहोस् सहकार्य गरेर अगाडी बढौं भन्ने विचार राख्दै मेरो भनाई अन्त्य गर्दछु, धन्यवाद ।

**माननीय सभामुख**

(स्पष्ट नबुझिएको) यो बोली यहाँबाट हटाइने छ र अरु चाहीं अव नियमावली अनुसार आउनको लागि म अनुरोध गर्दछु । माननीय सदस्यहरु, अब यो बैठक २०७८ साल जेठ ३० गते बिहिबार दिनको १ बजेसम्मको लागि स्थगित हुन्छ ।